**परिच्छेद : १**

# परिचय





कुनै पनि देशको समुन्नत विकास र सामाजिक न्याय स्थापनामा त्यस देशमा उपलब्ध प्राकृतिक स्रोतको प्रभावकारी उपयोग, उचित व्यवस्थापन र न्यायोचित वितरणले अत्यन्तै महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । उपलब्ध प्राकृतिक स्रोतमध्ये भूमिको व्यवस्थापन, उपयोग र वितरणको अवस्थाले त्यस देशको आर्थिक, सामाजिक, एवं राजनीतिक विकासको अवस्था र सम्बन्ध झल्काउने मात्र होइन, निर्देशितसमेत गर्दछ ।[१] नेपाल जस्तो कृषि प्रधान देश, जहाँ ६५ प्रतिशत जनता कृषिमा निर्भर छन्[२], भूमिको व्यावस्थापन, उपयोग र वितरण पक्षले झनै ठूलो महत्व राख्छ ।

नेपालको राजनीतिक इतिहासमा पनि भू-सम्बन्धले अत्यन्तै महत्वपूर्ण स्थान ओगटेको छ । यहाँ भएका ठूला राजनीतिक आन्दोलन, सामाजिक विद्रोहलगायत् राजनीतिक दलहरुको उद्भव पनि नेपालमा विद्यमान भू-सम्बन्धको अवस्था र त्यसमा आएको परिवर्तनको सवालसँग जोडिएको पाइन्छ । २००४ सालमा स्थापित नेपाली कङ्ग्रेस र २००६ सालमा स्थापित कम्युनिष्ट पार्टीको मुख्य नारा पनि क्रान्तिकारी भूमिसुधार नै थियो । त्यसैगरी माओवादी सशस्त्र विद्रोहको मुल एजेण्डा पनि क्रान्तिकारी भूमिसुधार र सामन्तवादी उत्पादन सम्बन्धमा आमुल परिवर्तन रहेको पाइन्छ ।[३] तर पनि नेपालका राजनीतिक दलको मूल चरित्र सत्ता बाहिर रहँदा क्रान्तिकारी र सत्तामा पुगेपछि यथास्थितिवादी रहने परिपाटीका कारण पटकपटकका राजनीतिक परिवर्तनपछि पनि यहाँ विद्यमान भू-सम्बन्ध र भू-व्यवस्थापनका प्रमुख मुद्दा हल हुन सकेका छैनन् । परिणामस्वरुप समय बित्दै जाँदा नेपालको भूमि व्यवस्थापनको सवाल झन जटिल बन्दै गइरहेको छ । नेपालको भूमि व्यवस्थापनका चुनौतीमध्ये न्यायोचित वितरण, प्रभावकारी व्यवस्थापन र उत्पादनमा वृद्धि नै मुख्य चुनौती हुन् । यी चुनौती समाधानका लागि राज्यको अर्थराजनीतिक संरचनामा महत्वपूर्ण परिवर्तन र दृढ राजनीतिक इच्छाशक्ति आवश्यक पर्दछ ।

नेपालमा भूमिसँग सम्बन्धित सवाललाई मूलतः दुई भागमा बाँडेर अध्ययन एवं विश्लेषण गर्न सकिन्छ । सोहीबमोजिम समाधानका उपायसमेत खोजिनुपर्दछ । नेपालको भू-उपयोग र व्यवस्थापनसँग जोडिएको भूमिको

---

१ सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, भूमिअधिकार, २०६०

२ राष्ट्रिय कृषि गणना, २००१

३ माओवादी सशस्त्र विद्रोह सुरुहुनु पूर्व संयुक्त जनमोर्चा नेपालले २०५२ सालमा तत्कालिन सरकार समक्ष पेश गरेको २४ बुँदे माग पत्रको एउटा महत्वपूर्ण बुँदा क्रान्तिकारी भूमिसुधार थियो ।

पुनर्वितरण सबैभन्दा महत्वपूर्ण प्रश्न हो । यसका लागि देशको आर्थिक एवं राजनीतिक संरचनामै परिवर्तन आवश्यक पर्दछ । भूमिको न्यायपूर्ण पुनर्वितरणको महत्वपूर्ण सवालका अतिरिक्त मोहियानी, मुक्त कमैयाको पुनर्स्थापना, हलिया एवं हरुवाचरुवा प्रथा उन्मूलन, गुठी जग्गाबाट सिर्जित समस्या, गाउँब्लक जग्गाको नापनक्सा र दर्ता तथा उखडा जग्गा जोताहा किसानको नाममा दर्ता गर्ने जस्ता समस्या पनि भूमि व्यवस्थापनका महत्वपूर्ण सवाल हुन् । यी समस्या समाधान गर्न देशको अर्थराजनीतिक संरचनामा आमुल परिवर्तन आवश्यक नपरे तापनि विद्यमान ऐन कानूनमा परिवर्तन र परिमार्जनका साथ ती कानूनको पूर्ण कार्यान्वयन र विद्यमान भूमि प्रशासनमा सुधार आवश्यक पर्दछ ।

नेपालको सन्दर्भमा स्मरणीय कुरा यो छ कि कतिपय पक्षले समग्र भूमिसुधारको कुरा गरेर सानो प्रयासबाट समेत हल गर्न सकिने उखडा एवं गाउँब्लक जस्ता सवाललाई बिर्सने वा ओझेलमा पार्ने गरेको पाइन्छ । कतिपयबाट सानातिना प्रशासनिक सुधारबाट हल गर्न सकिने विषय मात्र उठाएर त्यसैलाई क्रान्तिकारी वा वैज्ञानिक भूमिसुधारका रुपमा व्याख्या गरी समग्र भूमिसुधारको मुद्दा ओझेलमा पार्ने काम भएको छ । तसर्थ भूमि व्यवस्थापनमा कुन समस्या देशको आर्थिक एवं राजनीतिक संरचनाको परिवर्तनसँग जोडिएको सवाल हो र कुन विद्यमान ऐन कानूनमा सुधार तथा त्यसको प्रभावकारी कार्यान्वयनसँग जोडिएको सवाल हो भन्ने स्पष्टता आवश्यक छ ।

यस अध्ययनमा गाउँब्लक एवं उखडा जग्गासँग जोडिएका समस्याको समाधान भूमिसुधारको एउटा अङ्ग हो तर यो नै समग्र भूमिसुधार होइन भन्ने वैचारिक स्पष्टताका साथ गाउँब्लक र उखडा जमिनसँग सम्बन्धित कानून विश्लेषण गर्ने र यसका आधारमा समाधानको उपायसमेत पहिल्याउने प्रयास गरिएको छ ।

## सैद्धान्तिक अवधारणा :

संसारैभर र नेपालको सन्दर्भमा पनि सामान्यत: भूमिको उत्पादकत्व बढाउनुपर्ने र भूमिको उचित उपयोग र प्रभावकारी व्यवस्थापन हुनुपर्दछ भन्नेमा खासै विवाद देखिँदैन तर यी काम कसरी गर्ने, कसले गर्ने र कसको हितमा गर्ने भन्ने सम्बन्धमा भने फरक धारणा भेटिन्छन् । आफ्ना धारणा पुष्टि गर्नका लागि विभिन्न वर्ग र समुदायले भिन्न सैद्धान्तिक अवधारणा





प्रयोग गरेको पाइन्छ । यस सम्बन्धमा नवउदारवादी अवधारणा (Neoliberalism) र यथार्थवादी अवधारणा (Realism) महत्वपूर्ण छन् । नवउदारवादी अवधारणाले जमिनलाई अन्य वस्तुसरह मान्छ र जमिनको हकमा पनि अन्य वस्तुसरह व्यक्तिगत सम्पत्तिको ग्यारेण्टी गरिनुपर्नेमा वकालत गर्दछ । यस सिद्धान्तले अन्य क्षेत्रमा जस्तै जमिनको क्षेत्रमा पनि बजारलाई विना रोकतोक काम गर्न दिनुपर्ने र बजारले नै जमिनको उत्पादकत्व बढाउने र क्रमिकरुपमा जमिनको पुनर्वितरण हुने कुरा गर्दछ । तसर्थ यस सिद्धान्तले जमिनको पुनर्वितरणमा राज्यको भूमिका इन्कार गर्दछ र राज्यले हस्तक्षेप गरी भूमिको पुनर्वितरण गरेको खण्डमा जमिन खण्डीकरण हुने, उत्पादकत्व घट्ने र व्यक्तिगत सम्पत्तिसम्बन्धी अवधारणाको घोर उल्लङ्घन हुने कुरा गर्दछ ।

यसको ठीक विपरित यथार्थवादी सिद्धान्तले जमिनलाई अन्य वस्तुभन्दा फरक उत्पादनशील स्रोत (productive resources) मान्छ । जमिन अन्य वस्तुभन्दा फरक प्रकृतिबाट निशुल्करुपमा प्राप्त स्रोत भएकाले सीमित व्यक्तिमा केन्द्रित हुन नहुने र व्यक्तिगत सम्पत्तिसम्बन्धी अवधारणा पूर्णरुपमा लागू नहुने जिकिर गर्दछ ।[४] नेपालको भूमि व्यवस्थाको इतिहास केलाएर हेर्दा २००७ सालभन्दा अगाडि राज्य नै भूमिपतिका रुपमा थियो । राज्यले नै किसानलाई जमिन कमाउन दिन्थ्यो र यसबाट उत्पादनको आधा, कुत वा कर लिने गर्दथ्यो । यस क्रममा राज्यले धेरै जमिन अभिजात वर्गको एउटा ठेकेदार समूहलाई दिन थाल्यो । यो समूहले खेतीमा काम गर्ने कृषक वर्गलाई अत्याधिक शोषण गरी उत्पादनको ठूलो हिस्सा लिने गर्दथ्यो । यसरी राज्यले नै तत्कालीन राजा वा राणाको शासन चलाउन सहयोग गर्ने हैसियत राख्ने वर्गलाई पूर्ण स्वामित्वसहित करमुक्त जमिन उपलब्ध गराउन थाल्यो । पछि जमिनमा व्यक्तिगत स्वामित्वको प्रचलन शुरु भयो । यसका अतिरिक्त अन्य जमिन कर तिर्ने शर्तमा राज्यले व्यक्तिलाई जमिन बिक्री गर्न थालेपछि निजी स्वामित्वको रैकर जमिनको शुरुवात् भएको पाइन्छ ।[५] परिणामस्वरुप जमिनको वितरण असमान हुन पुग्यो । यसबाट के स्पष्ट हुन आउँछ भने भूमिलाई अन्य वस्तुसँग तुलना गर्न मिल्दैन ।

---

४ नेपालको अन्तरिम संविधान २०६३ को धारा ३३ (च) ले सामन्ति भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागु गर्ने राज्यको दायित्व भनेको छ । त्यसैगरि धारा ३४ ले देशमा उपलब्ध आर्थिक स्रोत र साधन सिमित व्यक्तिहरुमा केन्द्रित हुन नदिने राज्यको निर्देशक शिद्धान्त हुने व्यावस्था गरेको छ ।

५ जगन्नाथ अधिकारी, वैज्ञानिक भूमिसुधारका आधार, नयाँ पत्रिका, असोज २०६५

सरकारले विभिन्न समयमा भूमिमा भएको असमान वितरण हटाउने कुरा गरे पनि यसमा सफलता प्राप्त हुन सकेन । परिणामस्वरुप जो पहिला भूमिपति बने, उनीहरु अहिले पनि भूमिपति नै छन् । यसरी राज्य नै प्रकृतिबाट निशुल्करुपमा प्राप्त भूमिको असमान वितरणको स्रोत बनेका कारण पनि पुनः पुनर्वितरणको माध्यमबाट न्यायोचित वितरण गरिनुपर्दछ भन्ने आवाज उठ्ने गरेको पाइन्छ । यसर्थ जमिन पुनर्वितरणमा राज्यको भूमिका महत्वपूर्ण हुन आउँछ ।

यथार्थवादी सिद्धान्तले जसको जमिनमा जीविका अडेको छ र जसले जमिनको जोतभोग गरेको छ, उसैमा जमिनको स्वामित्व हुनेगरी राज्यले जमिनको पुनर्वितरण गर्नुपर्नेमा वकालत गर्दछ । यसरी जमिनसँग जोडिएको सामन्तवादी उत्पादन सम्बन्ध अन्त गर्दै पूँजीवादी उत्पादन सम्बन्ध स्थापित गर्दै सामाजिक न्याय स्थापित गर्न र उत्पादकत्व बढाउनसमेत जमिनको पुनर्वितरणमा राज्यले महत्वपूर्ण भूमिका निर्वाह गर्न आवश्यक छ ।[६]

हाम्रो सन्दर्भमा भूमिमा रहेको असमान वितरणलाई न्यायपूर्ण तरिकाले पुनर्वितरण गर्नका लागि मात्र होइन कि गाउँब्लक र उखडा जस्ता जमिनको उपयोग, व्यवस्थापन र वितरणसँग जोडिएका समस्याको सही ढङ्गले समाधान गर्नसमेत राज्यको प्रभावकारी भूमिका आवश्यक छ । २०१९ सालमा जग्गा (नाप जाँच) ऐन र २०२१ सालमा उखडासम्बन्धी ऐन तर्जुमा भई कार्यान्वयनसमेत भएको अवस्थामा हालसम्म पनि उखडा र गाउँब्लकसँग सम्बन्धित समस्याको उचित समाधान हुन नसक्नुले राज्यको अठोट र प्रतिबद्धता कमजोर देखाउँछ । अन्तरिम संविधान २०६३ तथा नेपाल सरकारको नीति तथा कार्यक्रमले वैज्ञानिक भूमिसूधार कार्यक्रम कार्यान्वयन गर्ने कुरा गरेको छ । सरकार सामान्य कानूनी व्यवस्था र प्रशासनिक क्रियाशीलताबाट हल हुन सक्ने गाउँब्लक र उखडासम्बन्धी समस्यासमेत समाधान गर्न इच्छुक नरहेको अवस्थामा कसरी संविधान एवं सरकारको नीति तथा कार्यक्रममा परेका वैज्ञानिक भूमिसुधारको कार्यक्रम लागू होला भन्ने प्रश्नसमेत यतिबेला उठेको छ ।

[६] डा. वाबुराम भट्टराई, अर्थराजनीतिको आँखिभ्यालबाट, भिल्को प्रकाशन, २०६३ ।





**परिच्छेद : २**

# गाउँब्लक

## १. गाउँब्लक जमिन के हो ?

नापीको समयमा स-साना टुक्रा भएको बस्तीको जग्गालाई एउटै ब्लकभित्र पछि नाप्ने भनी छाडेको वा धेरै घर भएको बस्ती जसलाई एकै कित्तामा राखी डिही भनी नामाकरण गरिएको तर त्यसभित्र रहेका प्रत्येक व्यक्ति वा घरको कित्ताकाट नगरेको, कानूनअनुसार नछुट्याइएको जग्गालाई गाउँब्लक वा मिनही डिही भनिन्छ । यसलाई कतै कतै स्ववासी जग्गा, नगरबासी जग्गा र वालविटोरी पनि भन्ने गरिन्छ ।

जग्गाको नाप नक्सा गरिएको समयमा विभिन्न घर बाक्लो बस्तीका रुपमा रहेकाले नाप्न कठिन, समय बढी लाग्ने, श्रम तथा श्रोत बढी खर्च हुने, साना साना टुक्रालाई नक्साका रुपमा रेखाङ्कन गर्न कठिन हुने भएकाले त्यतिबेला गाउँब्लकका रुपमा बस्ती रहेको जग्गालाई एउटै नक्साभित्र पारिएको गाउँ ब्लकको समस्या रहेका जिल्लाका सरकारी अधिकारीहरुको भनाई छ ।[७] गाउँब्लकभित्रका सीमान्तकृत र विपन्न समुदाय भने माथि उल्लिखित कारणका अतिरिक्त जमिन्दारहरुले गाउँब्लक बस्तीभित्रका समुदायलाई आफ्नो नियन्त्रण र प्रभाव कायम राख्न नापीको समयमा ब्लकमा जग्गा नापिएको बताउँछन् ।[८] नेपालमा गाउँब्लक जग्गा कपिलवस्तु, बाँके, बर्दिया, दाङ, सुर्खेत, जुम्ला, रुपन्देही, नवलपरासी, चितवन, पर्सा, रौतहट, मकवानपुर, धनुषा, मोरङ, सर्लाही, महोत्तरी, सिरहा, सप्तरी, सुनसरी, झापा, इलाम, सिन्धुपाल्चोक, भक्तपुर, धादिङ, दोलखा, कैलाली, कञ्चनपुर, उदयपुर, ललितपुर, तनहुँ, आदि जिल्लामा रहेको पाइन्छ । जसमा सबैभन्दा बढी बर्दियामा १४ हजार १ सय ५६ विगाहा ५ कट्ठा ८ धुर छ । कपिलवस्तुमा मात्र यस्तो जग्गा ७७ गाविस र १ नगरपालिका गरेर जम्मा १ हजार ७४ कित्ता सङ्ख्यामा १ हजार ७ सय ३२ विगाहा २ कट्ठा १९ धुर छ । कपिलवस्तुमा ५०% भन्दा बढी जनसङ्ख्या र लगभग ४० हजार घरधुरी गाउँब्लक जग्गामा बसोबास गर्ने अनुमान छ ।[९]

---

[७] मिति २०६५ असोज ५ गते कपिलवस्तु संस्थागत विकास समिति कपिलवस्तुको हलमा भएको छलफलको क्रममा भूमिसुधार कार्यालय कपिलवस्तुका नायब सुव्वा र मालपोत अधिकृतले पनि वढी खर्च लाग्ने र नाप्न झनझट हुने र प्रविधीको कमिले पनि त्यसवेला गाउँबल्कमा नापिएको कुरा बताए ।

[८] अनुसन्धानकर्ताले मिति २०६५ भदौ ४, ५ र ६ गते कपिलवस्तु जिल्लामा गरेको भ्रमणका क्रममा केही गाउँब्लकबासीसँग भएको छलफलमा आधारित

[९] कपिलवस्तु संस्थागत विकास समिति का पदाधिकारी र सामाजिक परिचालकले मालपोतको रेकर्ड र गाउँ भ्रमणबाट संकलित तथ्याङका आधारमा ।





## कपिलवस्तुको गाउँ ब्लक जग्गाको अवस्था

| क्र.सं. | गा.वि.स. | जग्गा विगाहा | क्र.सं. | गा.वि.स. | जग्गा विगाहा |
|---|---|---|---|---|---|
| १. | अजिगरा | २१ :११ :०८ | ४२ | बनगाइ | २३ :०७ :१७ |
| २ | अभिराव | २० :१२ :१५ | ४३ | बरकलपुर | १७ :०५ :११ |
| ३ | इट्रोल | २१ :११ :०६ | ४४ | बरगदवा | २७ :१५ :११ |
| ४ | कपिलवस्तु न.पा. | ३८ :१५ :०० | ४५ | बरइपुर | १५ :११ :०७ |
| ५ | कज्रहवा | १३ :०३ :०२ | ४६ | बलरमवापुर | २३ :०७ :१३ |
| ६ | कृष्णनगर | ०४ :०० :०५ | ४७ | बलुहवा | २१ :०७ :१० |
| ७ | कुशहवा | १३ :१३ :०५ | ४८ | वसन्तपुर | १४ :१९ :०१ |
| ८ | कोपवा | ३२ :०८ :०९.५ | ४९ | बहादुरगञ्ज | २७ :११ :१८ |
| ९ | खास विजुवा | १३ :०६ :१७ | ५० | बाँसखोर | २३ :११ :०६ |
| १० | खुरहुरिया | ४२ :०७ :०७ | ५१ | बिठुवा | २४ :०० :०० |
| ११ | गजेहडा | १६ :०० :१८ | ५२ | वीरपुर | २३ :१० :१५ |
| १२ | गणेशपुर | ३० :०८ :१८ | ५३ | बिसनपुर | ३० :०० :१९ |
| १३ | गुगौली | १९ :१० :०० | ५४ | बैदौली | २० :०१ :०७ |
| १४ | गोटिहवा | २३ :०२ :०० | ५५ | भडेहर | १६ :०२ :१० |
| १५ | गोबरी | २३ :०४ :१५ | ५६ | भलवारी | २० :०८ :०१ |
| १६ | चनई | १४: ०९ :०६ | ५७ | भिल्मी | १४ :०२ :०७ |
| १७ | चौदहवा | २८ :०७ :१२ | ५८ | महदेइया | १७ :०० :१० |
| १८ | छो. भगवानपुर | ३४ :१० :०७ | ५९ | महाराजगञ्ज | २३ :१८ :१५ |
| १९ | जमुनी | १२ :०८ :०० | ६० | महुवा | १९ :१८ :१५ |
| २० | जयनगर | २४ :०१ :०० | ६१ | महेन्द्रकोट | २६ :०२ :१५ |
| २१ | जवाभारी | २३ :०२ :०१ | ६२ | मालपारा | २४ :१९ :१६.५ |
| २२ | जमिला | १७ :०६ :०६ | ६३ | मोतिपुर | २७ :१५ :१४ |
| २३ | झण्डेनगर | १२ :०८ :०० | ६४ | रङ्गपुर | २१ :०१ :०१ |
| २४ | ठु. पिपरा | २९ :०० :१० | ६५ | रामनगर | १६ :१२ :१७ |
| २५ | डुमरा | २३ :०७ :०१ | ६६ | रेहरा | १३ :०८ :१७ |
| २६ | तितिर्खी | १८ :०४ :०३ | ६७ | लवनी | १८ :०२ :१८ |
| २७ | ते. मा. फे. | २९ :१३ :०४ | ६८ | लालपुर | १७ :१५ :१२ |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | दोहनी | ३८ :०७ :०० | ६९ | शिवपुर पल्टा | १२ :०६ :०१ |
| २९ | धन्कौली | २९ :१३ :०० | ७० | शिवानगर | १७ :०७ :१९ |
| ३० | धरमपानिया | २५ :०८ :०९ | ७१ | सानो पिपरा | १९ :१६ :१८ |
| ३१ | नन्दनगर | २८ :१५ :१५ | ७२ | सिर्सिहवा | २० :१० :१९ |
| ३२ | पकडी | १२ :११ :०० | ७३ | सिंहखोर | २३ :०८ :१० |
| ३३ | पटना | ३८ :०७ :१८ | ७४ | से. मा. सि. | ३६ :०० :०८ |
| ३४ | पडरिया | ०४ :१८ :१५ | ७५ | सोमडिह | २२ :१७ :१० |
| ३५ | पतरिया | २७ :०६ :०७ | ७६ | सौराहा | ०७ :१० :०६ |
| ३६ | परसोहिया | १९ :०६ :१८ | ७७ | हथिहवा | ३३ :१५ :०८ |
| ३७ | पिपरी | १८ :०० :१२ | ७८ | हथौसा | २४ :०१ :१६ |
| ३८ | बकडरिया | २४ :०५ :०१ | ७९ | हर्दौना | १५ :०९ :०१ |
| ३९ | पुरुषोत्तमपुर | १४ :०० :१५ | ८० | हरनामपुर | २८ :१८ :१४ |
| ४० | बडकी थुनिया | १५ :१० :०६ | ८१ | हरिहरपुर | २१ :०६ :१२ |
| ४१ | बडकी भगवानपुर | १७ :०२ :१५ | | जम्मा | १७३२–२–१९ |

*स्रोत : कपिलबस्तु संस्थागत विकास समिति, २०६५*

## २. गाउँब्लकबाट सिर्जित समस्याहरू :

गाउँब्लक जग्गामा ठूला जमिनदारका अतिरिक्त विपन्न वर्गका मानिस खासगरी कृषिमजदुर, जमिनदारको खेत कमाउने, ज्यालामा काम गर्ने तथा हरुवा-चरुवासमेत रहँदै आएका छन् । यसरी गाउँब्लकभित्रका जग्गा नापजाँच भई स्वामित्व किटान हुन नसक्दा गरीब तथा विपन्न वर्गमा विभिन्नखालका नकारात्मक असर एवं प्रभाव परेको पाइन्छ । जसलाई निम्नानुसार वर्णन गर्न सकिन्छ :

### (क) आर्थिक असर :

परम्परादेखि बासका रुपमा प्रयोग गर्दै आएको जग्गा छुट्टै नाप नक्सा नभई गाउँब्लकका रुपमा रहँदा त्यहाँ बसोबास गर्ने विपन्न परिवारमा नकारात्मक आर्थिक प्रभाव परेको छ । बसोबास गरेको जग्गाको प्रमाणपूर्जा नहुँदा यसले अन्य आर्थिक उन्नतिमा समेत प्रभाव पार्दछ । प्रत्यक्षरुपमा पूर्जाको अभावले गर्दा उनीहरु उक्त जग्गा बैंक एवं अन्य





वित्तीय संस्थामा धितो राखी ऋण लिनबाट वञ्चित छन्, जुन उनीहरुको आर्थिक उन्नतिको आधारसमेत हुन सक्थ्यो । स्थानीय बासिन्दाले बताएअनुसार गाउँब्लकमा बसोबास गर्नेले बिजुली जडान गर्नसमेत अरु नागरिकले भन्दा दोब्बर रकम तिर्नुपर्ने बाध्यता छ । यसरी आफैं बसोबास गर्ने जग्गाको प्रमाण पूर्जा नहुँदा गाउँब्लकमा बसोबास गर्ने नागरिकमा प्रत्यक्ष एवं अप्रत्यक्षरुपमा नकारात्मक आर्थिक प्रभाव परेको देखिन्छ । प्रमाणपूर्जाको अभावका कारण गाउँब्लकभित्रको जग्गा बिक्री गर्दासमेत उचित मूल्य पाउन नसकी बजार मूल्यभन्दा धेरै कममा बेच्नुपर्ने बाध्यात्मक अवस्था छ ।[१०]

### (ख) सामाजिक असर :

जग्गाको स्वामित्व नेपाली समाजमा सामाजिक मान प्रतिष्ठाको पनि विषय मानिन्छ । गाउँब्लकमा बसोबास गर्ने विपन्न वर्गका मानिससँग आफ्नो जमिनको प्रमाणपूर्जा नहुँदा उनीहरुको सामाजिक प्रतिष्ठामा समेत नकारात्मक प्रभाव परेको छ । यसका अतिरिक्त स्थानीयस्तरमा हुने सामाजिक कार्य, विकास निर्माणका कार्य, उपभोक्ता समिति, विद्यालय व्यवस्थापन समिति तथा अन्य सामाजिक सङ्घसंस्थामा सहभागी हुने अधिकारबाट समेत उनीहरु वञ्चित छन् ।[११] आफ्नो जग्गाको प्रमाणपूर्जाका अभावमा गाउँब्लकमा बसोबास गर्ने गरीब तथा विपन्न वर्गका नागरिकहरु ठूला वर्गका जमिनदारले जग्गा कब्जा गर्दासमेत नबोली सहेर बस्न बाध्य छन् । गाउँब्लकको जग्गा नाप जाँच नहुँदा साँध सिमाना मिचेको विषयलाई लिएर छिमेकीबीच नै पनि बारम्बार झगडा भैरहन्छन् । यसले सामाजिक सद्भावमा समेत नकारात्मक असर परेको पाइन्छ ।

### (ग) राजनीतिक असर :

नेपालको राजनीतिक एवं मानवअधिकार आन्दोलनमा सामान्यतः भूमि अधिकारलाई आर्थिक र सामाजिक पक्षसँग बढी जोडेर हेर्ने गरिएको

---

१० मिति २०६५ असोज ४ गतेका दिन अनुसन्धानकर्ताको राष्ट्रिय गाउँबल्क भूमिअधिकार मन्चका सदस्य श्री सोरत तेली संग तौलिहवामा भएको छलफलमा यस्तो वताए । यो कुरा अनुसन्धानको क्रममा गाउँबल्क जग्गामा बसोवास गर्नेहरुले पनि वताए ।

११ स्थानिय गाउँबल्कमा बसोवास गर्ने वासिन्दाहरुसंग मिति २०६५ असोज ५ गते ........गाविस मा भएको छलफल ।

छ । तर व्यावहारिकरुपमा गहिरिएर विश्लेषण गर्दा भूमि अधिकारबाट वञ्चित हुँदा व्यक्तिको राजनीतिक अधिकारमा समेत नकारात्मक असर परेको पाइन्छ । यो कुरा गाउँब्लकमा बसोबास गर्ने व्यक्तिको हकमा समेत लागू हुन्छ । गाउँब्लकमा बसोबास गर्ने व्यक्तिको जग्गा उनीहरुको नाममा नापजाँच एवं दर्ता नहुँदा आपसमा झैझगडा एवं वैमनश्य सृजना भई गरीब एवं विपन्न वर्गमा फुट आउनाले उनीहरुको सङ्गठित बलसमेत कमजोर हुँदै गएको छ । परिणामतः उनीहरुको निर्णय प्रक्रियामा सहभागी हुने राजनीतिक अधिकारमा समेत नकारात्मक असर परेको छ । नेपाली समाजमा जमिनमाथिको स्वामित्व शक्तिको स्रोत पनि हो । आफ्नो बास एवं खनजोतको स्वामित्वबाट वञ्चित हुँदा विभिन्न राजनीतिक एवं सामाजिक क्रियाकलापबाट समेत वञ्चित हुनुपर्ने अवस्थासमेत हुन्छ ।

(घ) **न्यायिक असर :**

गाउँब्लक जग्गा नापी नभएका कारण न्याय निरुपण कार्यमा समेत नकारात्मक असर परेको छ । कपिलबस्तु जिल्लामा पर्ने देवानी र दुनियावादी फौजदारी मुद्दामध्ये ६० प्रतिशत मुद्दा गाउँब्लकसम्बन्धी छन् ।[१२] त्यसैगरी जग्गा खिचलो मुद्दामा नापी दर्ता नभएका कारणले भएको जग्गा कति हो भनी एकिन गर्न कठिन हुने गरेको छ । यस्तो अवस्थामा गाविस वा नगरपालिकाको घर कर रसिदलाई प्रमाण मान्दा कतिपय मुद्दाका पक्ष विपक्ष दुवैलाई एउटै जग्गाको घर कर रसिद दिने गरेकाले गाउँब्लक जग्गाका मुद्दा इन्साफ गर्नसमेत कठिन हुने भनाई कपिलबस्तु जिल्ला अदालतका अतिरिक्त जिल्ला न्यायाधीश नारायणप्रसाद धितालको छ ।[१३]

गाउँब्लक जग्गा नापी नभएका कारण गरीब तथा विपन्न वर्गमा आर्थिक, सामाजिक, न्यायिक पक्षका नकारात्मक असर पर्नुका अतिरिक्त यसले साँस्कृतिक, शैक्षिक, स्वास्थ्य एवं सामाजिक प्रतिष्ठाका क्षेत्रमा समेत नकारात्मक प्रभाव पारेको पाइन्छ । गाउँब्लक जग्गा नापी नभएका कारण

१२ कपिलबस्तु जिल्ला अदालतका श्रेस्तेदार कृष्णराम कोईरालाले कपिलवस्तु संस्थागत विकास समितिका भूमि अधिकारकर्मि सुभाकान्त भुषालले गर्नु भएको अर्न्तवाताका क्रममा वताउनु भएको हो ।

१३ सुभकान्त भुषालले जिल्ला न्यायाधिस नारायण प्रसाद धितालसँग मिति................ मा गर्नु भएको अर्न्तवार्तामा यो समस्या वताउनु भएको हो ।



गाउँब्लक र उखडासम्बन्धी नीति तथा कानूनहरूको समीक्षा

गाउँब्लकभित्र रहेका मठ, मन्दिर, सार्वजनिक जग्गा, गौचरण, सार्वजनिक बाटो, सार्वजनिक पार्टी, पौवा, मस्जिद, खानेपानीको मुहान, विद्यालय आदि रहेका जग्गा ठूला किसान एवं जमिनदारले जवरजस्ती अतिक्रमण वा कब्जा गर्ने गरेको पाइन्छ । यसले साँस्कृतिक वस्तु, धार्मिक स्थल आदि संरक्षण हुन नसक्दा स्थानीय गरीब तथा विपन्न वर्गको साँस्कृतिक अधिकारसमेत हनन् हुन पुगेको छ । त्यसैगरी ठूला जमिनदारले अगाडिको बाटो र ढलको निकाससमेत बन्द गरिदिएका कारण गाउँब्लकभित्रको बस्ती अव्यवस्थित हुन पुगेका पनि पाइन्छ । साथै कतिपय अवस्थामा ठूला जमिनदारले गरीब तथा विपन्न वर्गको जमिन मिचिदिँदैं जाँदा उनीहरु केवल आफ्नो बासमा मात्रै सीमित हुन पुग्दा आवश्यक निकासबाट समेत वञ्चित हुनुपरेको छ । यसका अतिरिक्त कतिपय अवस्थामा गरीब तथा विपन्न वर्गका मानिसलाई चर्पी बनाउने ठाउँ अभावका कारण उनीहरुको जनस्वास्थ्यमा समेत नकारात्मक असर परेको पाइन्छ ।

यसरी हेर्दा गाउँब्लक जग्गा नापी हुनुपर्ने कुरा प्राविधिक लागे तापनि यससँग आर्थिक, सामाजिक, साँस्कृतिक, न्यायिक एवं राजनीतिक पक्षसँग सम्बन्धित सवाल जोडिएका छन् । माथि उल्लेख गरेबमोजिम आफ्नो जग्गाको प्रमाणपूर्जा पाउने अधिकारबाट वञ्चित हुँदा बैंकबाट ऋण लिन नपाइने, विद्युत् तथा टेलिफोन जोड्दा दोब्बर दस्तुर तिर्नुपर्ने, जग्गाको स्पष्ट सीमाङ्कन नहुँदा झैझगडा बढ्ने, गरीब, दलित तथा विपन्न वर्गका मानिसका जग्गा मिचिँदै जाने, गाउँब्लकमा व्यवस्थित बसोबास नहुँदा बस्तीको विकासका लागि आवश्यक पूर्वाधारको व्यवस्था नहुने र जनस्वास्थ्यमा समेत नकारात्मक असर पर्ने, न्याय निरुपणमा जटिलता पैदा हुने, गरीब तथा विपन्न समुदायको सामाजिक प्रतिष्ठामा नकारात्मक असर पार्ने जस्ता समस्या छन् । तसर्थ यस सवाललाई राज्य पक्ष एवं सम्बन्धित सबैले गम्भीरतासाथ लिनु र सोहीअनुरुप यथाशीघ्र समाधानको पहल गर्नु आवश्यक छ ।

## ३. गाउँब्लकको कानूनी पक्ष :

गाउँब्लक जग्गाको नापी गर्ने सम्बन्धमा आकर्षित हुने मुख्य कानून जग्गा नाप जाँच ऐन २०१९ हो । यसका अतिरिक्त मालपोत ऐन, २०३४ र भूमिसुधार ऐन, २०२१ पनि यससँग सम्बन्धित छन् । जग्गा नापजाँच ऐनको

मुख्य उद्देश्य जग्गा नापजाँच गरी जग्गाको किसिम तोक्ने रहेको थियो ।[१४] यस ऐनको दफा ३ ले नेपाल सरकारलाई नेपाल अधिराज्यभित्रको सम्पूर्ण वा कुनै क्षेत्रमा नाँपजाँच गर्ने आदेश गर्ने अधिकार सुम्पेको र सो आदेशबमोजिम तोकिएको अधिकारीले नापजाँच गर्नुपर्ने व्यवस्था गरेको छ । यसर्थ नेपाल सरकारले नेपाल अधिराज्यभित्रका गाउँब्लकभित्रका घर जग्गा नापजाँच गर्न सम्बन्धित अधिकारीलाई निर्देशन दिनसक्ने देखिन्छ ।

नेपाल सरकारले सम्बन्धित कानून प्रयोग गरी विभिन्न मितिमा राजपत्रमा सूचना प्रकाशित गरी गाउँब्लक जग्गा नापी दर्ताका लागि सूचना जारी गरेको पाइन्छ । यसै क्रममा भूमिसुधार मन्त्रालयले २०६० साल भदौ २२ गते मालपोत ऐन २०३४ को दफा ७ को उपदफा (१ क) ले दिएको अधिकार प्रयोग गरी मुक्त कमैयालाई जग्गा उपलब्ध गराउन, दर्ता भैसकेको जग्गाको दर्ता सच्याउने, सुकुम्बासी समस्या समाधान आयोगले गरेका निर्णय कार्यान्वयन गर्न र अधिराज्यका स्वबासी गाउँब्लक तथा आँकडा जग्गा दर्ता गर्ने सूचना प्रकाशित गरेको थियो ।[१५] सरकारको यस सूचनाका आधारमा गाउँब्लक जग्गा नापजाँच गरी दर्ता गर्ने सन्दर्भमा कुनै काम हुन सकेन । समस्या जहाँको तहीँ रहन पुग्यो ।

यस प्रयोजनका लागि सम्बन्धित जिल्लामा प्रमुख जिल्ला अधिकारी संयोजक र जिल्ला विकास समितिका प्रतिनिधि, जिल्ला वन अधिकृत, मालपोत अधिकृत र गोश्वारा रहेको जिल्लामा गोश्वरा प्रमुख र अन्य जिल्लामा नापी शाखा प्रमुख सदस्य रहने गरी समितिसमेत गठन गरेको पाइन्छ ।[१६] १ वर्षको कार्यकाल तोकिएको यस समितिको काम, कर्तव्य र अधिकारमध्ये २०३४ सालभन्दा अघि स्ववासीको रुपमा भोग गरिरहेका तर नाप नक्सा दर्ता हुन बाँकी रहेका स्ववासी घर जमिनका कित्ता जग्गा र गाउँब्लकका कित्ताकाट भई दर्ता हुन बाँकी घरजग्गा भोगका आधारमा दर्ता गरिदिने थियो ।[१७]

त्यसैगरी सरकारले मालपोत ऐन २०३४ को दफा ७.१ (क) को प्रयोग गरी नेपाल राजपत्रमा २०६१ मङ्सिर १४ गते नेपाल अधिराज्यका विभिन्न जिल्लामा रहेको जग्गा दर्ता गर्ने प्रयोजनका लागि सूचना प्रकाशित गरी

१४ जग्गा नापजाँच एने २०१९, प्रस्तावना ।

१५ नेपाल राजपत्र, २०६० भदौ २२ खण्ड ५३ (अतिरिक्तताङ्क २८, (क+२) पेज १

१६ उही पेज २

१७ यही पेज ३





सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी अध्यक्ष र मालपोत कार्यालयका प्रमुख, जिल्ला विकास समितिका प्रतिनिधि, सम्बन्धित गाउँ/नगर विकास समितिका प्रतिनिधि र नापी शाखाका प्रमुख सदस्य रहने गरी समिति गठन गरेको थियो ।[१८] समितिको कार्यकाल ६ महिना तोकिएको थियो । समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको पाइन्छ :[१९]

- शुरुमा (साविक) नापीका समयमा फिल्डबुकमा व्यक्तिको नाम भई घरबास, घर जग्गा स्वबासी घर, घडेरी, करेसाबारी वा घडेरी अर्थ आउने व्यहोरा उल्लेख भई नाप नक्साङ्कन भएको तर पहिले दर्ता नभएका स्वबासका घर जग्गा दर्ता गर्ने ।
- सम्भव भएसम्म भूमिसम्बन्धी ऐन २०२१ तथा भूमिसम्बन्धी नियमहरु २०२१ अन्तर्गतका अनुसूचीहरु, भोग घर भएको निस्सा एवं रसिद, कर तिरेको प्रमाण, विद्युत्, खानेपानीको रसिद आदिलाई प्रमाणका रुपमा लिई व्यक्ति विशेषको नाममा जग्गा दर्ता गर्ने ।
- जग्गा दर्ता सम्बन्धमा निवेदन लिने, विभिन्न प्रमाण झिकाउने, सूचना प्रकाशन गर्ने, सरजमिन गर्ने, सम्बन्धित नगरपालिका, गाउँ विकास समितिको सिफारिस, सम्बन्धित व्यक्ति वा साँधसधियार बुझ्नेलगायत्का कार्यविधि समिति आफैंले तय गर्नेछ ।
- समितिले आफ्नो अवधिभित्र सम्पन्न गरेका कार्यहरुका मितिले कागजातहरु सम्बन्धित मालपोत कार्यालयमा अभिलेख गरी राख्नेछ ।

६ महिनाको कार्यावधि रहेको यस समितिले पनि तोकिएको काम तोकिएको समयमा सम्पन्न गर्न सकेन र गाउँब्लकसँग सम्बन्धित समस्याहरु जस्ताको जस्तै रहन पुगे । यही क्रममा नेपाल सरकार, भूमिसुधार मन्त्रालयले गाउँब्लक जग्गाको नापजाँच गर्ने उद्देश्यले सबैभन्दा पछिल्लो मितिमा नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालयले सूचना प्रकाशित गरी धनुषा, सिन्धुली, महोत्तरी, उदयपुर, सिरहा, इलाम, सुनसरी, सप्तरी, भक्तपुर, ललितपुर, नवलपरासी, कपिलवस्तु, तनहुँ र सुर्खेत गरी १४ जिल्लामा गाउँब्लक जग्गा नाप जाँच गर्ने आदेश दिएको पाइन्छ ।[२०] सोही प्रयोजनका लागि सरकारले जग्गा (नाप जाँच) नियमावलीको नियम ११ बमोजिम नापी गोश्वाराको प्रमुख अध्यक्ष र मालपोत, अधिकृत, जिल्ला प्रशासन कार्यालयको

१८ नेपाल राजपत्र, २०६१ मंसिर १४ खण्ड ५४ संख्या ३२, पेज १

१९ उहि पेज २

२० नेपाल राजपत्र, २०६३ कार्तिक १३, खण्ड ५६ संख्या २६

अधिकृतस्तरको प्रतिनिधि, जिल्ला वन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि र सम्बन्धित गाउँ विकास समितिको अध्यक्ष वा सदस्य रहने छुट जग्गा दर्ता सिफारिस समितिलाई अधिकार सुम्पेको छ । यस प्रक्रियामा सम्बन्धित व्यक्तिले जग्गा नापजाँच गर्नका लागि आवश्यक कागजातका साथ सम्बन्धित नापी गोश्वारामा निवेदन दिन सक्ने र नापी गोश्वराले सिफारिस समितिमा पठाई उक्त समितिको सिफारिसबमोजिम गर्नुपर्ने व्यवस्था छ ।[२१] यस समितिलाई आफ्नो कार्यविधि आफैं तोक्न सक्ने आधिकारसमेत नियमावलीले दिएको छ ।[२२]

२०१९ सालमा जग्गा (नाप जाँच) ऐन जारी भएको, सोहीबमोजिम २०५८ सालमा जग्गा नापजाँच नियमावली र सम्बन्धित अन्य ऐनअन्तर्गत रही विभिन्न मितिमा राजपत्रमा सूचनासमेत प्रकाशित गरी गाउँब्लक जग्गा नापजाँच गरी सम्बन्धित व्यक्तिको नाममा दर्ता गर्ने प्रयास गरे तापनि यो काम हालसम्म पनि सम्पन्न हुन सकेन ।

## ४. गैरसरकारी क्षेत्रका प्रयासहरू :

नेपालको भूमि समस्यालाई गरिबी निवारण र सामाजिक न्यायको अभिन्न अङ्ग मान्ने केही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले गाउँब्लकको नापी हुनुपर्ने कुरालाई आफ्नो कार्यक्रममा पारेको पाइन्छ । यसमा एम.एस.नेपालले कपिलबस्तु जिल्लामा कालिका स्वावलम्बन सामाजिक केन्द्र र कपिलबस्तु संस्थागत विकास समितिमार्फत् विशेष कार्यक्रम सञ्चालन गरेको छ । त्यसैगरी एक्सन एड नेपाल पनि खाद्य सुरक्षा सवालअन्तर्गत आफ्ना दीर्घकालीन साझेदार संस्था सहज नेपाल र सिद्धार्थ सामाजिक विकास केन्द्रमार्फत् यस कार्यक्रममा सहभागी छ ।

गैरसरकारी संस्थाहरुमा राष्ट्रिय स्तरमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र जिल्ला स्तरमा कपिलवस्तुमा कालिका स्वावलम्बन सामाजिक केन्द्र, कपिलबस्तु संस्थागत विकास समिति र सहज नेपालले यस अभियानलाई सहजीकरण गरेका छन् । त्यसैगरी धनुषामा धनुषा सेवा समितिले पनि खाद्य सुरक्षा कार्यक्रमअन्तर्गत यस विषयलाई अगाडि बढाएको देखिन्छ । यसका अतिरिक्त राष्ट्रिय स्तरमा राष्ट्रिय भूमि अधिकार मञ्च र राष्ट्रिय भूमि

[२१] जग्गा (नाप जाँच) नियमावली, २०५२ नियम १० र ११

[२२] उही नियम ११ (२)





अधिकार सरोकार समूहले पनि भूमि अभियानअन्तर्गत गाउँब्लकको सवाललाई समेटेर लगेका छन् ।

यसै क्रममा गाउँब्लक भूमिअधिकार सरोकार मञ्च कपिलवस्तुको आयोजना र सिद्धार्थ सामाजिक विकास केन्द्र, कपिलवस्तु र कालिका स्वावलम्बन सामाजिक केन्द्र, कपिलवस्तुको संयोजन तथा व्यवस्थापनमा २०६३ असार ६ र ७ गते कपिलवस्तुको तौलिहवामा गाउँब्लकपीडितहरुको प्रथम राष्ट्रिय सम्मेलन सम्पन्न भएको थियो । उक्त सम्मेलनले १५ सदस्यीय राष्ट्रिय गाउँब्लक भूमि अधिकार मञ्च गठनसमेत गऱ्यो । यही सङ्गठनको अगुवाई र नेतृत्वमा विभिन्न समयमा काठमाडौंमा प्रतिनिधिमण्डल जाने र सरकारसमक्ष ज्ञापनपत्र बुझाउने कामसमेत भएका छन् । परिणामस्वरुप केन्द्रीय नापी विभाग, योजना तथा अनुगमन शाखाले राष्ट्रिय गाउँब्लक भूमि अधिकार सङ्गठनलाई बोधार्थसमेत दिई पत्र सङ्ख्या ३/४/१ (३) मार्फत् २०६३ भाद्र ५ गते कित्ता नापी शाखा, मीनभवन, काठमाडौंलाई आ.व. २०६३/०६४ मा गाउँब्लक जग्गा नाप जाँच गर्न प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्न अनुरोध गर्दै पत्राचारसमेत गरेको पाइन्छ । तर पनि हालसम्म व्यावहारिकरुपमा गाउँब्लक जग्गा नापजाँच गरी प्रमाणपूर्जा दिने काम भने हुन सकेको पाइँदैन ।

## ५. किन भएन समस्याको समाधान ?

सरकारको तर्फबाट गाउँब्लक जग्गा नापी गर्ने पटक पटकको निर्णय र सोहीबमोजिमका पत्राचार सम्बन्धित तल्लो निकायमा गर्दा र पीडित किसान एवं सरोकार राख्ने अन्य सामाजिक सङ्घ संस्थाहरुले समेत सचेत पहल गर्दा समेत यो समस्याको समाधान किन हुन सकेन भन्ने गम्भीर प्रश्न उठेको छ । यो समस्याको समयमा उचित समाधान हुन नसक्नुका पछाडि विभिन्न पक्ष जिम्मेवार रहेका देखिन्छ । सबैभन्दा महत्वपूर्ण जिम्मेवार पक्ष सरकार नै हो । गरीब किसानले बारम्बार ज्ञापनपत्र, धर्ना, जुलुस, पत्रकार सम्मेलनमार्फत् दबाव दिँदासमेत सुनेको नसुन्यै गर्ने, तत्कालको दबाव टार्नका लागि तल्लो निकायमा पत्राचार गरे पनि जिम्मेवारीबोधका साथ समस्याको समाधान गर्ने अठोट माथिल्लो सरकारी निकायमा देखिँदैन ।

सरकारको पटक पटकको औपचारिक प्रयासका बाबजुद पनि समस्या समाधान हुन नसक्नुका पछाडि सरकारको राजनीतिक एवं प्रशासनिक इच्छाशक्तिको अभाव देखिन्छ । सरकारले विभिन्न मितिमा नेपाल राजपत्रमा

पटक पटक सूचना जारी गरी समितिसमेत गठन गरेको पाइन्छ । तर त्यस समितिलाई प्रभावकारीरुपमा काम सम्पन्न गर्नका लागि आवश्यक पर्ने आर्थिक श्रोत, थप प्राविधिक कर्मचारी र आवश्यक प्रविधिसमेत व्यवस्था नगरी हचुवामा समिति गठन गर्ने र कामको जिम्मेवारी तोक्ने गरेको देखिन्छ । उदाहरणका लागि सरकारले मिति २०६०, २०६१ र २०६३ सालमा गाउँब्लक जग्गा नापजाँच गरी दर्तासमेत गर्ने उद्देश्यले सूचना प्रकाशित गरी सो काम गर्नका लागि समितिसमेत गठन गरेको पाइन्छ तर विडम्वना नै भन्नुपर्दछ, त्यो समितिले काम सम्पन्न गर्नका लागि आवश्यक साधन, स्रोत, प्रविधि र प्रशासनिक सहयोगको व्यवस्था भने हुन सकेन । यसले के सङ्केत गर्दछ भने सरकार समस्याको उचित समाधानका लागि इच्छुक छैन । यी प्रयास समस्या समाधान गर्नभन्दा पनि समस्या पन्छाउनका लागि गरिएका छन् । माथि उल्लेख भइसकेको छ कि साविक नापीको समयमा गाउँब्लकमा नाप्नुको पछाडि समय र खर्च बढी लाग्ने, आवश्यक प्रविधि र सामानको कमी र प्रक्रियासमेत झन्झटिलो हुनु पनि कारण थियो । यी कुरामा विचारै नगरी अथवा काम फत्ते गर्न आवश्यक पर्ने रकम, कर्मचारी र प्रविधि व्यवस्था नगरी समिति मात्र गठन गर्नु भनेको सरकारको गैरजिम्मेवारीपनको नमूना हो । यही कारण पनि यो समस्याको समाधान हुन सकेन ।

सरकारी निकायको गैरजिम्मेवारीपनका अतिरिक्त गाउँब्लकमा बस्ने नागरिकबीचको स्वार्थ र आवश्यकता फरक फरक भएकाले पीडितहरुका तर्फबाट आवश्यक दवाब र पहल हुन नसक्दा पनि यो समस्या समाधानमा ढिलाई हुन गएको देखिन्छ । स्पष्टरुपमा के देखिन्छ भने गाउँब्लकमा बस्ने र बाहिर घरजग्गा हुने जमिनदारलाई गाउँब्लकको नापजाँचमा चासो पाइँदैन । सम्पत्ति र जग्गाको नाममा गाउँब्लकभित्रको बास भएको जग्गा मात्र भएका किसानमा गाउँब्लकको नाप नक्सा भई आफ्ना नाममा दर्ता गराई प्रमाण पूर्जासमेत हुँदा हुने फाइदाबारे खासै जानकारी पाइँदैन । यसबाट सिर्जित समस्यामा उनीहरु अभ्यस्तसमेत भएको देखिन्छ । यसरी गाउँब्लकमा बसोबास गर्ने बासिन्दाका तर्फबाट सङ्गठित पहल हुन नसक्नुले पनि यो प्रक्रिया ढिला भएको देखिन्छ । त्यसैगरी गाउँब्लक जग्गाको समस्या समाधान गर्ने उद्देश्यका साथ गठन भएका जनसङ्गठन एवं अन्य गैरसरकारी संस्थाको पहल पनि निर्णायक हुन सकेको देखिँदैन । यसका अतिरिक्त संयोजनकारी संस्थाबीच आवश्यक सहकार्य र सद्भावको साटो मनमुटाव र आफुले बढी जस लिने र अर्काको कामलाई अवमूल्यन गर्ने प्रवृत्तिले पनि यो अभियानलाई बलियो बनाउनमा नकारात्मक प्रभाव





देखिन्छ । यिनै कारण र प्रवृत्तिले मन्त्रालय तहमा गई निर्णय गराउन सफल सङ्घ संस्थाले उक्त निर्णय कार्यान्वयन गराउने पक्षमा भने त्यति सक्रियता देखाएको पाइँदैन । यसर्थ गाउँब्लक जग्गाको समाधानमा जिम्मेवार सबैले एक पटक गम्भीर हुन आवश्यक छ । निश्कर्षमा भन्नुपर्दा यो समस्या समाधानमा प्रमुख बाधक भनेको सरकारी पक्ष र खासगरी प्रशासनमा रहेको गैरजिम्मेवार प्रवृत्ति नै हो । समस्या सुल्झाउने भन्दा तत्कालका लागि पन्छाउने कर्मचारीतन्त्रमा हावी प्रवृत्ति यसका लागि बढी जिम्मेवार छ । यसका अतिरिक्त पीडितहरुले सङ्गठित पहल र दबाव सिर्जना गर्न नसक्नु र यस सवालमा कार्यरत् गैरसरकारी सङ्घ संस्थामा आवश्यक सद्भाव एवं समन्वय अभाव र सवाललाई निरन्तर र सशक्तरुपमा नउठाई ऐनमौकामा मात्र उठाउने र अभियानभन्दा पनि समस्यालाई परियोजनाको आँखाबाट हेर्ने प्रवृत्ति पनि जिम्मेवार छन् ।

## ६. समस्या समाधानको बाटो :

गाउँब्लक जग्गाको नाप नक्सा नहुनुमा नीति र कानूनको अभावभन्दा पनि भएका नीति र कानूनको प्रभावकारी कार्यान्वयन नहुनु नै मुख्यरुपमा जिम्मेवार देखिन्छ । नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालयले जग्गा नापजाँच ऐन, २०१९ को दफा ३ र मालपोत ऐनको दफा ७ प्रयोग गरी विभिन्न मितिमा निर्णयसमेत गरेको पाइन्छ । सबैभन्दा पछिल्लो पटक २०६३ साल कात्तिक १३ गते राजपत्रमा सूचना प्रकाशित गरी धनुषा, सिन्धुली, महोत्तरी, उदयपुर, सिरहा, इलाम, सुनसरी, सप्तरी, भक्तपुर, ललितपुर, नवलपरासी, कपिलवस्तु, तनहुँ र सुर्खेत जिल्लामा गाउँब्लक जग्गा नापजाँच गर्न आदेश जारी गरेको थियो । सो आदेशबमोजिमको काम सम्पन्न गर्नका लागि जग्गा (नापजाँच) नियमावली २०५८ को नियम ११ बमोजिम नापी गोश्वाराका प्रमुखको अध्यक्षतामा मालपोत अधिकृत, जिल्ला विकास समिति र जिल्ला वन कार्यालयका अधिकृतस्तरीय प्रतिनिधि र सम्बन्धित गाउँ विकास समितिको अध्यक्ष वा नगरपालिकाको सम्बन्धित वडाका अध्यक्ष सदस्य रहेको समितिलाई गाउँब्लक जग्गाको नापजाँच गरी दर्ता गर्ने कार्यलाई निकासा दिनसमेत अधिकार दिएको पाइन्छ । नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालयको यस आदेशसमेत कार्यान्वयन हुन सकेन र समस्या जहाँको तहीं रहेको पाइन्छ । यही क्रममा विभिन्न सरोकारवाला र पीडित किसानको दबावस्वरुप केन्द्रीय नापी विभाग, योजना तथा अनुगमन शाखाले २०६३ भाद्र ५ मा कित्ता नापी महाशाखा

मीनभवनलाई गाउँब्लक जग्गा नापजाँच गर्नका लागि पत्राचारसमेत गरेको थियो । तर पनि यी कदमले कार्यरुप लिन सकेका छैनन् । तसर्थ भूमिसुधार मन्त्रालयको २०६३ कात्तिक १३ को राजपत्रमा प्रकाशित निर्णयको प्रभावकारी कार्यान्वयन नै महत्वपूर्ण पक्ष हो । यसका लागि भूमिसुधार मन्त्रालयले आवश्यक रकम छुट्टयाउन, एउटा निश्चित समयावधि तोक्न र तोकिएको समयावधिभित्र काम समाप्त गर्नका लागि एउटा विशेष टोली र सोअन्तर्गत विभिन्न जिल्लामा अलग अलग टोली खटाएर यथाशक्य छिटो यो समस्या समाधान गर्न आवश्यक छ ।

(क) सरकारले विभिन्न मितिमा राजपत्रमा सूचना प्रकाशित गरी आदेश दिने र समितिहरु समेत गठन गरे तापनि काम सम्पन्न गर्नका लागि आवश्यक रकम, प्रविधि, प्राविधिक र सहयोगी प्रशासनिक संरचना व्यवस्था गरेको पाइँदैन । यसर्थ नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालयको २०६३ कात्तिक १३ को सूचनालाई कार्यान्वयन गर्न भूमिसुधार मन्त्रालयले तुरुन्तै आवश्यक रकम, प्रविधि, प्राविधिक र सहयोगी प्रशासनिक संरचना व्यवस्था गरिनुपर्दछ । विगतको अनुभवले के देखाएको छ भने कार्यक्रम बनाए तापनि सम्बन्धित निकायलाई काम गर्ने निश्चित समयावधिसमेत नतोक्ने प्रवृत्ति हुँदा आवश्यक पूर्वाधारका साथ काम सम्पन्न गर्ने निश्चित समयावधि तोकिनुपर्दछ । त्यसैगरी सम्पूर्ण पूर्वाधार व्यवस्था हुँदासमेत तोकिएको वा अपेक्षित समयमा काम सम्पन्न हुन नसकेमा नेपाल सरकारको सम्बन्धित कर्मचारीले जिम्मेवारी लिने व्यवस्था गरिनुपर्दछ । यसरी सम्बन्धित जिम्मेवार कर्मचारी वा अधिकारीलाई व्यक्तिगतरुपमा जवाफदेही बनाउने व्यवस्था नगर्ने हो भने फेरि पनि जनतामा अर्को धोका हुन सक्छ । जनता तलबाट माथि र माथिबाट तल देखाउने प्रवृत्तिको शिकार हुन सक्छन् ।

(ख) गाउँब्लकभित्रको जग्गा समयमा नापजाँच एवं दर्ता हुन नसक्दा अहिले पनि कतिपय जग्गाको हकमा विवाद भएको देखिन्छ । यसर्थ अब नापजाँच गर्दा गाउँ सर्जमिनका आधारमा वास्तविकरुपमा बसोबास गर्ने व्यक्तिको नाममा जमिन दर्ता गर्ने व्यवस्था गरिनुपर्दछ ।

(ग) सामाजिक शक्ति संरचनाको प्रभावस्वरुप ठूला जमिनदारले गरीब तथा विपन्न वर्गका मानिसका जग्गा मिच्दै लगेको र कतिपय अवस्थामा उनीहरु बाटो एवं ढलको निकासबाट समेत वञ्चित हुन पुगेको अवस्था छ । यसर्थ अब नयाँ नापजाँच हुँदा बासका लागि





आवश्यक पर्ने न्युनतम मापदण्ड तय गरी सो मापदण्डलाई समेत ख्याल गरी जग्गाको नापजाँच एवं दर्ता गर्ने व्यवस्था गरिनुपर्दछ ।

(घ) गाउँब्लकभित्रका कतिपय मठ, मन्दिर एवं सार्वजनिक जग्गा ठूला एवं पहुँचवाल जमिनदारले अतिक्रमण गरेको पाइन्छ ।[२३] नयाँ नापजाँच गर्दा गाउँ सरजमिनका आधारमा त्यस्ता सार्वजनिक जग्गालाई सार्वजनिक जग्गाका रुपमा दर्ता गरिनुपर्दछ । यस्तो सार्वजनिक जग्गाको उपयोग र यसबाट प्राप्त हुने लाभमा गरीब एवं विपन्न वर्गलाई प्राथमिकता दिने व्यवस्था गरिनुपर्दछ ।

(ङ) विगतको अनुभवले के देखाएको छ भने सरकारले राजपत्रमा सूचना प्रकाशित गरी समिति गठन गर्छ र कतिपय अवस्थामा सरकारी कर्मचारी एवं समितिका मानिस सम्बन्धित जिल्लामा भ्रमणसमेत गर्दछन् । तर सम्बन्धित नागरिक, जसले उक्त सूचनाबाट लाभान्वित हुनुपर्ने हो, उसलाई कुनै जानकारी नै हुँदैन । यसरी सम्बन्धित सेवा र सुविधा पाउनुपर्ने व्यक्तिले थाहा नै नपाई समितिको कार्यावधि सकिने र सरकारी स्रोतको दुरुपयोगसमेत हुने परम्परा अब दोहोरिनुहुँदैन । यसर्थ अबको नापजाँचको कार्यक्रम पूर्ण प्रतिबद्धताका साथ गरिनुपर्दछ । यसका लागि सरकारका तर्फबाट सम्बन्धित नागरिकमा अनिवार्यरुपमा सूचना पुऱ्याउने बाध्यात्मक व्यवस्था र त्यसका लागि आवश्यक संरचनासमेत निर्माण गर्नुपर्दछ । अन्यथा गरीब तथा विपन्न वर्गका मानिसका जग्गा अरु कसैले आफ्ना नाममा दर्ता गर्न सक्छन् ।

(च) गाउँब्लक जग्गा नापजाँच गर्ने कुरा केवल प्रशासनिक दायित्वमा मात्र सीमित राखेको र त्यस कार्यमा स्थानीय राजनीतिक दल, सम्बन्धित क्षेत्रमा काम गर्ने सङ्घसंस्था एवं पीडितको पहुँच सिर्जना गर्न नसक्नुले पनि यो समस्याको उचित समाधान हुन नसकेको पाइन्छ । यसर्थ यस प्रक्रियामा सम्बन्धित सबैको पहुँच सिर्जना गर्न र कार्यक्रम प्रभावकारीरुपमा सम्पन्न गर्नका लागि सम्बन्धित जिल्लामा कार्यान्वयन समिति गठन गरिनुपर्दछ । यस समितिमा सरकारी प्रतिनिधि, स्थानीय राजनीतिक दलका प्रतिनिधि, गाउँब्लक जग्गामा

२३ अनुसन्धानकर्ताले मिति २०६५ भदौ ४, ५ र ६ गते कपिलवस्तु जिल्लामा गरेको भ्रमणका क्रममा केही मोही किसानले यो कुरा वताएका थिए ।

बसोबास गर्नेको तर्फबाट कम्तिमा २ जना प्रतिनिधि र गाउँब्लक सवालमा काम गरिराखेका सङ्घसंस्थाका प्रतिनिधि राखिनुपर्दछ ।

(छ) केही समयदेखि सरकारले भूमि सम्बन्धमा पनि लैङ्गिक समतालाई सकारात्मकरुपमा लिएको पाइन्छ । यही क्रममा मुक्त कमैया परिवारले सरकारको तर्फबाट वितरण गरिएको जग्गा दर्ता गर्दा महिला र पुरुषको संयुक्त नाममा लालपूर्जा जारी गर्ने प्रचलन शुरु भएको छ । यही परम्परालाई निरन्तरता दिँदै अब गाउँब्लक जग्गा नापजाँच गर्दा पति पत्नी दुवैको संयुक्त नाममा दर्ता गर्ने अनिवार्य व्यवस्था गर्नुपर्दछ ।

(ज) विगतमा गाउँब्लक जग्गाको नापजाँचसम्बन्धी समस्यालाई प्रशासनिक जिम्मेवारीभित्र मात्र सीमित गरेको पाइन्छ । समस्या समाधानमा राजनीतिक परिचालन कमजोर भएमा प्रशासनिक समाधान समेत निस्प्रभावी हुन सक्छ । यसर्थ यस समस्या समाधानमा सम्बन्धित जिल्लाको राजनीतिक दल र संविधानसभामा प्रतिनिधित्व गर्ने जनप्रतिनिधिलाई समेत प्रभावकारीरुपमा यस अभियानमा संलग्न गराउन आवश्यक छ । यसका लागि गाउँब्लक सवालमा काम गर्ने सङ्घसंस्थाले विशेष पहलकदमी लिनुपर्दछ ।

(झ) गाउँब्लक जग्गा सम्बन्धित व्यक्तिको नाममा दर्ता हुन नसक्दा परेका नकारात्मक असरलाई समेत बाहिर ल्याएर सम्बन्धित सरकारी निकायमा दबाव दिने र सम्बन्धित गाउँब्लकमा बसोबास गर्ने नागरिकलाई सङ्गठित गर्ने काममा केही गैरसरकारी संस्थाको पहल महत्वपूर्ण पाइन्छ । तर पनि यी सङ्घसंस्थाका काम समस्या समाधानका लागि त्यति प्रभावकारी हुन सकेको छैन । यसर्थ यस अभियानलाई प्रभावकारी बनाउन अभियानमा संलग्न संस्थाबीच सहकार्य र समन्वयसमेत वृद्धि गर्न आवश्यक छ ।

(ञ) जबसम्म अधिकारबाट वञ्चित व्यक्तिहरुको सङ्गठित बल र आवाज बुलन्द हुँदैन, तबसम्म सरकारका निर्णय वास्तविकरुपमा कार्यान्वयन नभई केवल कागजमा मात्र सीमित हुन्छन् । यो कुरा गाउँब्लक जग्गाको हकमा समेत स्पष्टरुपमा देख्न सकिन्छ । यसर्थ यस सवालमा काम गर्ने सङ्घ संस्थाले सम्बन्धित निकायमा दबाव सिर्जना गर्नुका साथै गाउँब्लकमा बसोबास गर्ने व्यक्तिहरुलाई सङ्गठित गर्दै जनपरिचालनका माध्यमबाट उनीहरुकै अगुवाई र पहलमा सम्बन्धित



गाउँब्लक र उखडासम्बन्धी नीति तथा कानूनहरूको समीक्षा

निकायमा निर्णायक दबाव सिर्जना गर्ने रणनीति तय गरिनुपर्दछ । अधिकारबाट वञ्चित किसानहरुको सङ्गठनले स्थानीय तहमा जग्गा नापजाँच हुँदा निरन्तर अनुगमन गर्ने र कोही पनि गरीब एवं सीमान्तकृत नागरिक नापजाँच प्रक्रियाबाट वञ्चित नहोस् भन्ने कुरामा विशेष ध्यान दिन आवश्यक छ ।

**परिच्छेद : ३**

# उखडा





नेपालको वर्तमान अर्थराजनीतिक संरचनालाई टिकाउनमा सामन्तवादी भूमि सम्बन्ध जिम्मेवार छ । सामन्तवादी भूमि सम्बन्धको एउटा ज्वलन्त उदाहरण उखडा जग्गा हो । २०२१ सालमा जारी भएको उखडा ऐनले उखडा जमिन जोतभोग गर्ने किसानको नाममा त्यस्तो उखडा जग्गा दर्ता गर्ने कानूनी व्यवस्था गर्दासमेत त्यस्तो उखडा जग्गा किसानको नाममा दर्ता नहुनुमा सामन्तवादी भूमि सम्बन्ध नै जिम्मेवार देखिन्छ । यस परिच्छेदमा उखडा जग्गाको परिचय, यस समस्याको ऐतिहासिक पक्ष, समस्या समाधानार्थ विभिन्न पक्षबाट भएका प्रयास र ती प्रयास असफल हुनाका कारण विश्लेषण गर्ने प्रयास गरिएको छ । अन्तमा समस्या समाधानका लागि कस्तो नीतिगत प्रयास हुनुपर्दछ र त्यस प्रक्रियामा कसको भूमिका कस्तो हुनुपर्दछ भन्नेबारे विश्लेषणात्मक चर्चा छ ।

## १. उखडा के हो ?

किसानले जग्गाधनीको जग्गा कमाएबापत जग्गाधनीलाई वार्षिक नगदी वा जिन्सी पोत बुझाउने गरी जोतभोग गरेको जग्गालाई उखडा भन्ने गरिन्छ । यसमा जग्गा कमाएबापत तिर्नुपर्ने वार्षिक नगदी पोत जग्गाधनी र सो जग्गा कमाउने किसानले आपसी सहमति र समझदारीमा निर्धारण गरिएको हुन्छ ।[२४]

उखडासम्बन्धी ऐन २०२१ ले जग्गाधनीसँग भएको बोलकबोलबमोजिम किसानले जग्गाधनीलाई नगदी पोत बुझाउने गरी कमाइआएको जग्गालाई उखडा जग्गा भनी परिभाषित गरेको छ [२५] जग्गाको स्वामित्वको दृष्टिकोणबाट हेर्दा जमिनदारले मन लागेका बेला जोताहाबाट हक खोस्न सक्ने जग्गालाई उखडा जग्गा भन्न सकिन्छ अथवा जमिनदारले मन लागेको बेला जोतभोग गर्ने किसानलाई त्यस्तो जमिनबाट बेदखल गर्न सक्ने गरी नगदी वा जिन्सी बुझाउने शर्तमा कमाउन वा आवादि गर्न दिएको जग्गा उखडा हो ।

यसरी हेर्दा जग्गाको दर्ता स्वामित्व जग्गाधनीमा रहेको र जग्गाको जोतभोग तथा पोत तिर्ने काम किसानले गर्ने दोहोरो स्वामित्वको जग्गा नै उखडा

---

[२४] सुभाकान्त भुसाल, उखडा जग्गा एक चिनारी, कपिलवस्तु संस्थागत विकास समिति, तौलिहवा कपिलवस्तु, पेज १ (२०६३)

[२५] उखडा सम्बन्धी ऐन, २०२१, दफा २ (घ)

जग्गा हो भन्न सकिन्छ । यस्तो दोहोरो स्वामित्वको जग्गा सम्पूर्णरुपमा किसानको नाममा दर्ता गर्ने व्यवस्था उखडासम्बन्धी ऐन २०२१ ले गरेको भए तापनि हालसम्म पनि तराईका नवलपरासी, रुपन्देही र कपिलवस्तु जिल्लाका करिब ५ हजार किसान परिवारले आफ्नो जोतभोगको जग्गा आफ्नो नाममा दर्ता गराउन सकेका छैनन् ।[२६] उखडा जग्गाबारे पीडित पक्ष र नेपाल सरकारका सम्बन्धित निकायबाहेक अन्य थोरैलाई मात्र सामान्य जानकारी रहेको अवस्था छ ।

कपिलवस्तु जिल्लामा मात्र उखडा जग्गाको अवस्था यस्तो छ :

| क्र.सं. | गा.वि.स. को नामावली | मुद्दा सङ्ख्या |
|---|---|---|
| १ | विजुवा | २७ |
| २ | तितिर्खी | १९ |
| ३ | सिहखोर | २७ |
| ४ | भडेहर (गौरी) | २० |
| ५ | हथिहवा | १३ |
| ६ | धनौरा | १० |
| ७ | बछाप | १६ |
| ८ | रङ्गपुर | ८ |
| ९ | गौरी | ९ |
| १० | व.ख.(वडकी खजली) | ९ |
| ११ | वलुहवा | ८ |
| १२ | धनकौली | ७ |
| १३ | बासखोर | ६ |
| १४ | बहादुरगन्ज | ७ |
| १५ | गोटिहवा | ६ |
| १६ | अभिराव | ५ |
| १७ | विठुहवा | ५ |
| १८ | से.मा.लि.का.(शिशवा) | ५ |
| १९ | पकडी | ५ |
| २० | वरगदवा | ५ |
| २१ | कपिलवस्तु | ५ |
| २२ | दोहनी | ५ |
| २३ | ठूलो नन्दनगर | ४ |
| २४ | पिपरी | ४ |
| २५ | सोमडिह | ३ |
| २६ | वीरपुर | ६ |
| २७ | शिवराज | ३ |
| २८ | महुवा | ३ |
| २९ | पिपरा | २ |
| ३० | गोवरी | २ |
| ३१ | वसन्तपुर | ३ |
| ३२ | भिल्मी | २ |
| ३३ | लालपुर | २ |
| ३४ | गजुहवा | २ |
| ३५ | पडरिया | २ |
| ३६ | पर्सिया | १ |
| ३७ | ते.मा.फे. | १ |
| ३८ | पुरुषोत्तमपुर | १ |
| ३९ | सुठौली | १ |
| ४० | छो. भगवानपुर | १ |
| ४१ | डुमरा | १ |
| ४२ | धरमपानिया | १ |
| ४३ | बकडरिया | १ |
| ४४ | लवनी | १ |
| ४५ | पतरिया | ३ |
| ४६ | चौदहवा | ४ |
| ४७ | अजिगरा | २ |

[२६] मिति २०६५ असोज ४ गते कपिलवस्तु जिल्लाको तौलिहवास्थित कपिलवस्तु संस्थागत विकास समितिको कार्यालयमा सरकारी कार्यालयका कर्मचारी, गैरसरकारी संस्थाका प्रतिनिधी र अधिकारवाट बञ्चित समुदायका प्रतिनिधीसँगको अन्तर्क्रियाका आधारमा



गाउँब्लक र उखडासम्बन्धी नीति तथा कानूनहरूको समीक्षा

| | | |
|---|---|---|
| ४८ | पटना | १ |
| ४९ | हरनामपुर | ४ |
| ५ ० | जुमिला | १ |
| ५१ | भलवारी | १ |
| ५२ | कोपवा | १ |
| ५३ | कुशहवा | १ |
| ५४ | महराजगन्ज | २ |
| ५५ | भावपुर | १ |
| ५६ | सौरहवा | १ |
| ५७ | इटरोल | १ |
| ५८ | ब.थुनिया | १ |
| | | |

*स्रोत : कपिलवस्तु संस्थागत विकास समिति, कपिलवस्तु, २०६५*

## २. उखडा प्रथाको शुरुवात् कसरी भयो ?

उखडा एक प्रकारको जग्गाको नाम हो । जग्गाको नाम नै उखडा किन रहन गयो भन्ने कुराको ऐतिहासिक पृष्ठभूमि छ । उखडासम्बन्धी ऐन २०२१ जारी हुनुपूर्व जमिनदारका नाममा धेरै ठाउँमा जग्गा हुन्थे । यस्तो अवस्थामा जमिनदारले सबै जमिन आफैं भोगचलन गर्न सक्दैनथे । यसरी जग्गाको भोगचलन गर्न नसकेपछि जमिन बाँझो रहन्थ्यो । जमिन बाँझो भएको अवस्थामा जग्गाधनीले त्यसको मालपोत बुझाउने कुरा भएन तर सरकारले मालपोत नबुझाएको अवस्थामा जग्गा लिलाम गरिदिन्थ्यो किनभने त्यसबेला सरकारको प्रमुख आयस्रोत नै मालपोत थियो ।

यस्तो अवस्थामा जग्गा लिलाम हुनबाट बचाउन जमिनदारले नयाँ सोच निकाले । नेपाली एवं भारतीय नागरिकलाई नगदी पोत लिने गरी जमिन कमाउन दिन थाले । समय बित्दै जाँदा जमिनको मोल वृद्धि हुँदै गयो । उन्नत बीउ, मलखाद आदिको प्रयोगले उत्पादन पनि बढ्दै गयो । परिणामस्वरुप यस्तो जमिन जमिनदारले पुनः आफैं फिर्ता लिन चाहे । कतिपयलाई कम उब्जाउ हुने जमिन कमाउन दिएर यस्तो जग्गा छाडिदिन दबाव पनि दिन थाले । तर वर्षौंदेखि त्यसैमा जीविका चलाउँदै आएका





किसानले जग्गा छाड्न नमानेपछि किसान र जग्गाधनीबीच विवाद शुरु भयो । यही विवादको सेरोफेरोमा नेपाल सरकारले २०२१ सालमा उखडासम्बन्धी ऐन जारी गरी यस्तो उखडा जग्गा किसानको नाममा दर्ता गर्ने कानूनी व्यवस्था गऱ्यो । दुर्भाग्य मान्नुपर्छ, ऐन जारी भएको ४४ वर्षपछि पनि रुपन्देही, कपिलवस्तु र नवलपरासी जिल्लाका करिब ५ हजार किसान परिवार ऐनले व्यवस्था गरेको कानूनी हकबाट वञ्चित छन् ।

## ३. उखडासम्बन्धी कानून

उखडासम्बन्धी विवाद समाधान गर्ने उद्देश्यले उखडासम्बन्धी ऐन २०२१ लागू गरिएको पाइन्छ । यस ऐनले यो ऐन प्रारम्भ हुँदाका बखत किसानले जग्गाधनीलाई पोत बुझाउने गरी कमाइरहेको उखडा जग्गामा जग्गाधनीको हक समाप्त भई किसानको नाममा दर्ता हुने कानूनी व्यवस्था गरेको छ ।[२७] यद्यपि किसान विदेशी नागरिक भएको खण्डमा भने उसको नाममा जग्गा दर्ता हुन नसक्ने व्यवस्था गरेको छ । सो किसान विदेशी नागरिक रहेमा वा पछि विदेशी नागरिक ठहरिन आएको खण्डमा भने निजले जोतेको उखडा जग्गा सरकारको नाममा दर्ता हुने र सरकारले कुनै शर्तमा सुकुम्बासीलाई बिक्री वितरण गर्न सक्ने अधिकार सरकारमा राखेको छ ।[२८]

उखडासम्बन्धी ऐन २०२१ को अर्को विशेषता भनेको किसानबाट जग्गाधनीले क्षतिपूर्ति रकम पाउने व्यवस्था हो । यस ऐनबमोजिम किसानको नाममा दर्ता हुने जग्गाको मालपोतको दश दोब्बर हिसाबले हुन आउने रकम सम्बन्धित किसानले सम्बन्धित जग्गाधनीलाई एकमुष्ट वा जग्गा दर्ता भएको मितिले ५ वर्षभित्र ५ किस्तामा दिनुपर्ने व्यवस्था ऐनले गरेको छ ।[२९]

उखडासम्बन्धी ऐन २०२१ को उद्देश्य परिपूर्ति गरी उखडा जग्गा जोताहा किसानको नाममा दर्ता गराउने उद्देश्यले २०२१ सालमा नै सरकारले विशेष अदालत गठन गरेको थियो, जुन २०४२ सालमा विघटन भयो ।[३०] विशेष अदालतले २०४२ सालसम्म काम गरे पनि उखडा जग्गासम्बन्धी विवाद र

---

[२७] उखडा सम्वन्धी ऐन, २०२१ दफा ३

[२८] उही दफा ३ (१)

[२९] उही दफा ४

[३०] सुभाकान्त भुसाल, उखडा जग्गा समस्या एक चिनारी, कपिलवस्तु संस्थागत विकास समिति, तौलिहवा, कपिलवस्तु पेज २-३(२०६३)

समस्या भने पूर्णरुपमा समाधान हुन सकेनन् । यसरी समस्या पूर्णरुपमा निदान हुन नसक्दा जग्गामा हक प्राप्त गर्न नसकेका कपिलवस्तु, नवलपरासी र रुपन्देहीका करिव ५ हजार किसान उखडासम्बन्धी ऐन २०२१ ले प्रत्याभूत गरेको भूमि अधिकारबाट वञ्चित हुन पुगे ।

यसरी विशेष अदालत २०४२ सालमा विघटन भएपछि पीडित किसानको समस्या यथावत् रहे पनि सरकारले उनीहरुको हक स्थापित गर्न खास कुनै ठोस कदम चाल्न सकेन । अधिकारबाट वञ्चित किसानहरुले पनि आफ्नो हक प्राप्तिका लागि खासै प्रभावकारी अभियान सञ्चालन गरी राज्यलाई समस्या समाधान गर्न बाध्य बनाउन सकेनन् । यसरी २०४२ सालपछि उखडा जमिन जोतभोग गर्ने किसानहरुको भूमिअधिकारको सवाल सरकारको प्राथमिकताको विषय बन्न सकेन । सरकारी निकायको उपेक्षा र अधिकारबाट वञ्चित किसानको सङ्गठित अभियानको अभावका कारण समाधान हुन नसकेको उखडा जग्गा जोताहा किसानको नाममा दर्ता गराउन ४-५ वर्षदेखि विभिन्न गैरसरकारी संस्थाले पहल गरेका र ती संस्थाको पहलमा अधिकारबाट वञ्चित किसान पनि सङ्गठितरुपमा आफ्ना आवाज सम्बन्धित निकायमा पुऱ्याउन सक्रिय हुँदै आएको पाइन्छ । अधिकारबाट वञ्चित किसान र नागरिक समाजको पहलस्वरुप सरकारले २०६० साल मङ्सिर २९ गतेको मन्त्रिपरिषद्को निर्णयबाट उखडासम्बन्धी ऐन २०२१ को दफा ३ को व्यवस्थाबमोजिम उखडा जग्गा कमाउने किसानकै नाममा दर्ता गर्न दिलबहादुर बस्नेतको अध्यक्षतामा समिति गठन गऱ्यो ।[३१] यस समितिको कार्यकाल केवल ८ महिना तोकिएको थियो । उक्त समितिले कपिलवस्तु, रुपन्देही, नवलपरासी हेर्ने गरी भैरहवामा उखडा कार्यालय पनि स्थापना गऱ्यो । समितिले रुपन्देहीमा परेका २१०२ निवेदनमध्ये ८८ उखडा जग्गा जोतभोग गर्ने किसान परिवारलाई जग्गाधनी प्रमाणपूर्जा वितरण गऱ्यो ।[३२] यस समिति गठनमा समस्या समाधान गर्नेभन्दा पनि तत्कालीन राजनीतिक स्वार्थ लुकेको र समितिको कार्यकाल पनि ज्यादै छोटो भएकाले खास समस्या समाधानमा काम हुन नसकेको देखिन्छ ।

---

[३१] अनुसन्धानकर्ताले २०६५असोज २७ गते नेपाल सरकार भूमिसुधार मन्त्रालयका सचिब श्री वावुराम आचार्यसँग गरेको कुराकानीमा प्राप्त जानकारी

[३२] मिती २०६५ कार्तिक १६ गते ग्रामिण सामुदायिक विकास केन्द्र रुपन्देहीका कार्यक्रम संयोजक मुक्ति पोखरेल सँगको फोन वार्ता ।





## ४. गैरसरकारी क्षेत्रको पहल

सरकारलाई समस्याको उचित समाधान गर्नका लागि आवश्यक दबाव एवं सहयोग गर्न र अधिकारबाट वञ्चित किसानलाई सचेत एवं सङ्गठित गरी जनपरिचालनको माध्यमबाट अधिकार प्राप्तिका लागि सचेत पहल गर्ने उद्देश्यले गैरसरकारी संस्थाका तर्फबाट पनि केही प्रयास भएका पाइन्छ । यस सम्बन्धमा राष्ट्रिय स्तरमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले समग्र भूमि अधिकारको आन्दोलनको एउटा अङ्गका रुपमा उखडा सवाललाई लिएको छ ।[३३] त्यसैगरी राष्ट्रिय भूमिअधिकार मञ्च र राष्ट्रिय भूमिअधिकार सरोकार समूहले पनि भूमि आन्दोलनको एउटा अङ्गको रुपमा उखडा सवाललाई लिएको पाइन्छ । यी संस्थाको मुख्य प्राथमिकता नेपालमा समग्र जनमुखी भूमिसुधार भएकाले उखडाको सवाललाई मात्र लिएर ठोस आन्दोलन सञ्चालन गरेको भने पाइँदैन । यद्यपि सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले नीतिगत तहमा केही जनवकालत र नीतिगत विश्लेषणका अतिरिक्त स्थानीय तहका सङ्गठनहरुको क्षमता अभिवृद्धि र जनपरिचालनका विशेष कार्यक्रममा सहयोग गरेको पाइन्छ ।

स्थानीयस्तरमा हेर्दा कपिलवस्तुमा सहज नेपाल, सिद्धार्थ सामाजिक विकास केन्द्र, कालिका स्वावलम्बन सामाजिक केन्द्र र कपिलवस्तु संस्थागत विकास समितिले जनसङ्गठन निर्माण, किसानको तहमा सचेतीकरण अभियान र जनपरिचालनका काम गरेको पाइन्छ । यसै क्रममा सिद्धार्थ सामाजिक विकास केन्द्रले २०६१ साल वैशाख १३ गते कपिलवस्तु, रुपन्देही र नवलपरासीका सरोकारवालाबीच गोष्ठी सम्पन्न गरेको थियो । यस कार्यक्रमले अधिकारबाट वञ्चित किसान र अन्य सरोकारवालामा उत्साह थपेको पाइन्छ । त्यस्तै कपिलवस्तु संस्थागत विकास समितिले एम.एस. नेपालको सहयोगमा उखडासम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरेको छ । जसअन्तर्गत कपिलवस्तुका उखडा जग्गाको अधिकारबाट वञ्चित किसानलाई सङ्गठित गर्ने र हक प्राप्तिका लागि आवश्यक तथ्याङ्क र प्रमाण जुटाउने कार्य सम्पन्न भएको छ । यो कार्यक्रम रुपन्देही र नवलपरासीमा समेत शुरु गरिएको छ ।

---

[३३] सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशक जगत बस्नेत र कार्यक्रम व्यवस्थापक जगत देउजासँग मिती २०६५ असोज १३ गते सोही संस्थाको कार्यालय धापासीमा भएको छलफलमा आधारित

त्यसैगरी रुपन्देहीमा ग्रामीण सामुदायिक विकास केन्द्र (सी.आर.सी.डी.) ले एक्सनएड नेपालको सहयोगमा सन् २००५ देखि उखडासम्बन्धी कार्यक्रम गर्दै आएको छ । सो कार्यक्रमअन्तर्गत उखडा जग्गा जोतभोग गर्ने किसानलाई अधिकारबारे सचेत पार्दै सङ्गठित गर्ने र जग्गा दर्ता गर्नका लागि चाहिने आवश्यक कागज प्रमाण जुटाउने काममा किसानलाई सहयोग गर्नुका साथै समस्या समाधान गर्न सम्बन्धित सरकारी निकायमा जनदबाव सिर्जना गर्नु रहेको छ । हाल आएर उक्त संस्थाले आफ्नो कार्यक्रम उखडामा मात्र केन्द्रित नगरी समग्र भूमिसुधारको मुद्दा लिएर अगाडि बढेको छ ।[३४] नवलपरासीको हकमा इन्द्रेणी सामाजिक विकास मञ्चले उखडाको मुद्दालाई आफ्नो खाद्य सुरक्षा कार्यक्रमअन्तर्गतको भूमि अभियानमा समेटेको छ । यद्यपि यस सम्बन्धमा विशेष कार्यक्रम भने छैन ।[३५] गैरसरकारी संस्थाहरुको पहलमा हाल कपिलवस्तु, रुपन्देही र नवलपरासी ३ वटै जिल्लामा उखडा जग्गा जोतभोग गर्ने किसानको जिल्लास्तरीय समिति गठन भएका छन् । उनीहरुले किसानको बीचमा सूचना आदान–प्रदान गर्ने तथा सङ्गठन विस्तार गर्ने र सरकारी निकायमा दबाव सृजना गर्ने कामसमेत गरेका छन् । यद्यपि यी प्रयासले निर्णायक परिणाम दिन भने सकेका छैनन् ।

## ५. प्रयासहरू किन परिणाममुखी हुन सकेनन् ?

यसरी सरकारले २०२१ सालमा ऐन जारी गरी समस्याको समाधान गर्ने प्रयास गरेको छ । यस क्रममा जोताहा र जग्गाधनीबीच विवाद परेमा विवाद समाधान गर्न उखडासम्बन्धी विशेष अदालतसमेत गठन गरी उक्त अदालतले २०४२ सालसम्म कायम रही काम गरेको थियो । बाँकी समस्या समाधान गर्नका लागि निश्चित समयावधि र अधिकारसमेत तोकी २०६० सालमा विशेष समितिसमेत गठन गरी काम गर्ने प्रयास भएको देखिन्छ । अर्कोतर्फ किसान, गैरसरकारी संस्था र नागरिक समाजका तर्फबाट समेत समस्याको न्यायोचित समाधानका लागि प्रयास भएको छ तर पनि उचित समाधान हुन सकेको छैन । यसरी उखडासम्बन्धी ऐनले जोताहा किसानको नाममा जग्गा दर्ता गर्ने उद्देश्य राख्दा र सरकारी एवं गैरसरकारी क्षेत्रबाट

[३४] अनुसन्धानकर्ताले मिति २०६५ असोज ४ गते सिआरसिडीका कार्यक्रम संयोजक मुक्ति पोखरेलसँगको कुराकानी अनुसार

[३५] अनुसन्धानकर्ताले मिति २०६५ असोज २७ गते ईन्द्रेणी सामाजिक विकास मञ्चका खाद्यसुरक्षा सवाल प्रमुख विक्रम खनालसँग गरेको फोन वार्तामा आधारीत ।





समेत पहल हुँदा पनि समस्या समाधान गरी जोताहा किसानको नाममा जग्गा दर्ता गराउन कठिनाई देखा परेको छ । यसमा मुख्य जिम्मेवार पक्ष सरकार हो । यदि सरकारले साँच्चिकै यो समस्याको समाधान गर्न चाहेको भए उखडासम्बन्धिी ऐन जारी भएको ४४ वर्षसम्म यो समस्या रहने थिएन । दृढ राजनीतिक एवं प्रशासनिक इच्छाशक्तिका अतिरीक्त तल उल्लिखित अन्य कारणले पनि यो प्रक्रियामा कठिनाई सृजना गरेको छ :

**क) नागरिकताको समस्या :**

कतिपय जोताहा किसान नागरिकता अभावका कारण पनि उखडा जग्गा आफ्नो नाममा दर्ता गर्न असमर्थ छन् । व्यावहारिकरुपमा पनि कतिपय हकमा बाबुको नागरिकता नबन्दै मृत्यु भएकाले छोरालाई नागरिकता बनाउन कठिनाई परेको देखिन्छ । यसका अतिरिक्त उखडा जग्गाको हकमा अङ्गिकृत नागरिकता पनि एउटा सवाल बनेको छ । नेपाल सरकारले २०६० मङ्सिर १ मा उखडा जग्गा किसानको नाममा दर्ता गराउनका लागि एउटा समिति गठन गऱ्यो । जुन सकारात्मक पक्ष हो तर साथै उखडासम्बन्धी निर्णय गर्दा अङ्गिकृत नागरिकलाई जगगाको हक दिलाउन नमिल्ने कुरा उल्लेख भएकाले पनि समस्या समाधानमा जटिलता उत्पन्न गरेको छ । नेपाल कानूनमा अङ्गिकृत नागरिकताका आधारमा कुनै पनि क्षेत्र र स्थानमा भेदभाव गर्ने व्यवस्था छैन । तर कानूनको यो व्यवस्थाका विपरित सरकारले अङ्गिकृत नागरिकलाई उखडा जमिन आफ्नो नाममा दर्ता गर्नबाट वञ्चित गरेको छ । यसले गर्दा समस्या जटिल बनेको छ ।

**ख) आवश्यक सूचनाको अभाव**

कतिपय अवस्थामा गरीब तथा पछाडि पारिएको समुदायले आवश्यक सूचना समयमा थाहा नपाउँदा पनि अधिकारबाट वञ्चित हुनुपर्ने हुन्छ । उखडा जग्गासँग सम्बन्धित सवालमा पनि यो कुरा लागू हुन्छ । उदाहरणका लागि नेपाल सरकारले २०६० मङ्सिर २९ को निर्णयबाट उखडा समिति गठन गरी उखडासम्बन्धी समस्या समाधान गर्ने प्रयास गरे तापनि आवश्यक सूचना र सचेतताको अभावका कारण किसानले समितिसमक्ष निवेदन दिन नसकेको अवस्था देखियो । यसर्थ गरीब एवं सीमान्तकृत उखडा जग्गा खनजोत गर्ने किसानसमक्ष सूचना पुऱ्याउने दायित्वसमेत अब गठन हुने समितिमा नतोक्दासम्म वा अन्य कुनै प्रभावकारी माध्यमबाट वास्तविक किसानसमक्ष सूचना पुऱ्याउने संयन्त्र विकास नगर्दासम्म समस्या

समाधान हुन गाह्रो देखिन्छ । यसर्थ वास्तविक पीडितसमक्ष सूचना पुऱ्याउने कुरामा समेत विशेष ध्यान दिन जरुरी छ ।

ग) **कबुलियतनामाको प्रमाण नहुनु**

उखडा जग्गाको मालिक एवं जोताहा किसानबीच जग्गा जोतभोग गर्ने सम्बन्धमा एउटा कबुलियतनामा गरिएको हन्छ । तर कतिपय किसानले यस्तो कबुलियतनामाको प्रमाण पेस गर्न सक्ने अवस्था छैन । कतिपय किसानलाई टाठाबाठा जमिनदारले कबुलियतनामा दिएकै छैनन् भने कतिपय किसानले यस्तो कबुलियतनामासमेत हराएको तथा नष्ट भएको अवस्थासमेत छ । यसरी कबुलियतनामाको प्रमाण नभएका कारण पनि किसानहरु सम्बन्धित निकायमा मुद्दा दायर गर्न असमर्थ हुँदासमेत अधिकारबाट वञ्चित हुन पुगेका छन् ।

घ) **तिरो तिरेको रसिद नहुनु**

उखडा जमिन जोतभोग गर्ने किसानले जग्गाधनीसँग कबुलियत गरी जोतभोग गरेको जग्गाको भूमिकर तिरो नेपाल सरकारको सम्बन्धित कार्यालयमा तिर्नुपर्दछ । विभिन्न कारणले यस्तो तिरो तिरेको रसिद प्रमाण नभएका कारण पनि कतिपय जोताहा किसान समयमा मुद्दा दायर गर्न नसकी अधिकारबाट वञ्चित भएका छन् ।

ङ) **क्षतिपूर्ति दिन नसक्नु**

उखडासम्बन्धी ऐन २०२१ को दफा ४ ले यस ऐनबमोजिम किसानको नाममा दर्ता हुन लागेको जग्गाको मालपोतको दर दोब्बरको हिसाबले हुन आउने रकम सम्बन्धित किसानले सम्बन्धित जग्गाधनीलाई तिर्नुपर्ने व्यवस्था गरेको छ । धेरै गाविसका जोताहा किसान यो रकम तिर्न पनि नसक्ने अवस्थामा छन् । यसका अतिरिक्त कतिपय किसानले जग्गा जोतभोग गरेबापत तिरो नतिरेपछि लाग्ने क्षतिपूर्ति रकम तिर्नसमेत नसक्ने अवस्था छ । अतः यो समस्या पूर्णरुपमा समाधान गर्नका लागि यस्तो क्षतिपूर्ति रकम मिनाहा गर्ने कानूनी व्यवस्थासमेत हुनुपर्ने देखिन्छ ।

## ६. समस्या समाधानको बाटो

२०२१ सालमा उखडासम्बन्धी ऐन तर्जुमा भई कार्यान्वयनसमेत भएको ४४ वर्षसम्म पनि यो समस्याको निदान नहुनु लाजमर्दो विषय हो । यसर्थ पुनः एकपटक सम्बन्धित सबैले यो समस्या समाधानार्थ निर्णायक र प्रभावकारी





कदम चाल्नुपर्दछ । यसका लागि सरकार मुख्य एवं निर्णायक पात्र भएकाले सरकारले आवश्यक कानूनी एवं प्रशासनिक संयन्त्र निर्माण गरी प्रभावकारी कार्यान्वयनसमेत गर्नुपर्दछ । यसका लागि निम्नलिखित कार्य अविलम्ब गर्न आवश्यक छ :

(क) २०६० सालमा गठित समितिको म्याद समाप्त भएकाले यथाशीघ्र अधिकार सम्पन्न समिति गठन गरिनुपर्दछ । उक्त समितिलाई आवश्यक सूचना सम्बन्धित किसानसमक्ष पुऱ्याउने दायित्वसमेत सुम्पिनुपर्दछ । विगतमा समिति गठन हुने, समितिका कार्यालय खुल्ने तर जसको अधिकार स्थापित गर्नका लागि समिति बेनेको हो, ती गरीब किसानले समिति गठन भएको सूचनासमेत पाउन नसक्दा समितिले वाञ्छित उद्देश्य हासिल गर्न र किसानले अधिकार प्राप्त गर्न नसकेको वास्तविकतालाई ध्यानमा राखी यस्तो व्यवस्था हुन जरुरी छ । अन्यथा पुनः समिति गठन हुने तर समस्या भने जहाँको तहीँ रहने विडम्बनापूर्ण अवस्था दोहोरिन सक्छ ।

(ख) विगतका अनुभवले के देखाएको छ भने सरकारले हचुवाको भरमा समिति गठन गर्ने तर आवश्यक रकम र कर्मचारीको व्यवस्था नगर्नाले पनि समितिले अपेक्षित काम गर्न नसकेको हो । यसर्थ नयाँ समिति गठन गर्दा सुरुमै विचार पुऱ्याएर आवश्यक रकम र कर्मचारी एवं आवश्यक अन्य सहयोगी संयन्त्रको व्यवस्थासहित समिति गठन गरिनुपर्दछ । अन्यथा विगतमा जस्तै समिति निष्प्रभावी हुनेछ ।

(ग) उखडासम्बन्धी ऐनमा आवश्यक संशोधन गरी पीडित किसानले तिर्न नसकेको क्षतिपूर्तिको रकम पूर्णरुपमा माफी गर्ने व्यवस्था गरिनुपर्दछ ।

(घ) अङ्गिकृत नागरिकको नाममा उखडा जमिन दर्ता गर्ने कि नगर्ने भन्ने विवाद र सरकारको अनुदार नीतिका कारण पनि कतिपय अङ्गिकृत नागरिक अधिकारबाट वञ्चित भएका छन् । अतः उखडा जमिन जोतभोग गर्ने अङ्गिकृत नागरिकको नाममा समेत जग्गा दर्ता गर्नका लागि आवश्यक नीतिगत व्यवस्था गरिनुपर्दछ ।

(ङ) कतिपय वास्तविक जोताहा किसानले विगतमा कबुलियतनामा र तिरो तिरेको रसिद प्रमाणको अभावका कारणसमेत उजुरी दिन नसकेको अवस्थालाई ध्यानमा राखी गाउँ सर्जमिनका आधारमा वास्तविक जोताहा किसानका नाममा त्यस्तो उखडा जमिन दर्ता गर्न आवश्यक कानूनी व्यवस्था मिलाउनुपर्दछ ।

(च) आवश्यक कानूनी र प्रशासनिक संयन्त्र निर्माणपश्चात् सुरुमा सरकारको तर्फबाट गाउँगाउँमा नागरिक जागरण अभियान सञ्चालन गरिनुपर्दछ । यसको मूल उद्देश्य गाउँगाउँमा उखडा समस्या समाधानका लागि जागरण ल्याउने र कोही पनि वास्तविक उखडा जग्गा जोतभोग गर्ने किसान अधिकार लिनबाट नछुटोस् भन्ने हुनुपर्दछ ।

सरकारी तवरबाट गरिने यी प्रयासका अतिरिक्त यस क्षेत्रमा कार्यरत् गैरसरकारी संस्था खासगरी राष्ट्रियस्तरमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, कपिलवस्तु संस्थागत विकास समिति, रुपन्देहीमा ग्रामीण सामुदायिक विकास केन्द्र, नवलपरासीमा इन्द्रेणी सामाजिक विकास मञ्च र सम्बन्धित अन्य संस्थाले गाउँ र जिल्ला तहमा पीडित किसानलाई सङ्गठित गर्ने, अधिकारका लागि सचेतना अभियान चलाउने र उनीहरुको सशक्तिकरण र क्षमता अभिवृद्धि गर्दै गरीब किसानकै नेतृत्व र अगुवाईमा सरकारलाई दबाव सिर्जना गर्ने प्रक्रियाको सहजीकरण गर्न आवश्यक छ । यसका लागि सम्बन्धित संस्थाबीच आपसी सहयोग, समन्वय र सहकार्य बढाउन आवश्यक छ ।

त्यसैगरी राष्ट्रियस्तरमा आन्दोलनरत् भूमिअधिकार मञ्चले पनि आफ्नो भूमिअधिकार अभियानको एउटा अभिन्न अङ्ग उखडासम्बन्धी सवाललाई बनाउन आवश्यक छ । यस मञ्चले कपिलवस्तु, नवलपरासी र रुपन्देहीमा कार्यरत् उखडा किसानहरुको सङ्गठनलाई सहयोग गर्ने र उनीहरुको अभियानमा आवश्यक मद्दत पुऱ्याउने रणनीति तय गर्नसमेत आवश्यक छ ।

यसका अतिरिक्त हालसम्म जिल्लामा कार्यरत् उखडापीडित किसान सङ्गठनहरु आवश्यकरुपमा क्रियाशील हुन सकेका छैनन् । अझ भन्नुपर्दा उनीहरुको सक्रियता गैरसरकारी संस्थाहरुको सहयोगमा र परिचालनमा निर्भर छ । यस अवस्थामा परिवर्तन गर्दै ती उखडापीडित किसानका जनसङ्गठनहरु आफैं स्वतन्त्ररुपमा परिचालित हुने अवस्था सिर्जना गर्नुपर्दछ । अवश्य पनि यस प्रक्रियामा गैरसरकारी संस्थाको सहयोगी भूमिका हुन सक्छ तर उनीहरुको निर्णायक भूमिका हुनुहुँदैन । यसरी सबल जनसङ्गठनहरु जिल्लास्तरमा मात्र नभई गाउँ तहमा समेत गठन एवं विस्तार गर्न आवश्यक छ ।



गाउँब्लक र उखडासम्बन्धी नीति तथा कानूनहरूको समीक्षा

**परिच्छेद : ४**

# उपसंहार

कुनै पनि देशको गरिबी निवारण र विकास प्रक्रियामा त्यस देशको भूमि व्यवस्था र भूमि सम्बन्धले महत्वपूर्ण भूमिका खेल्छ । नेपालको विकासमा पनि भूमि व्यवस्था र भूमि सम्बन्धले महत्वपूर्ण प्रभाव पारेको छ । नेपालको सन्दर्भमा दुई तिहाईभन्दा बढी जनसङ्ख्याको जीविकाको आधारसमेत भूमि भएकाले भूमि व्यवस्था एवं भूमि सम्बन्ध नेपालको अर्थराजनीतिक बहसको केन्द्रित विषय बनेको छ । यसर्थ नेपालको विकास र गरिबी निवारणको उद्देश्य परिपूर्ति गर्न नेपालमा विद्यमान भूमिसँग सम्बन्धित समस्यालाई सही एवं प्रभावकारी ढङ्गले हल गर्न आवश्यक छ ।

नेपालका भूमिसँग सम्बन्धित समस्यालाई दुई भागमा विभाजन गरी अध्ययन एवं विश्लेषण गरी सोहीबमोजिम समाधानका उपायसमेत पहिल्याउन आवश्यक छ । भूमिमा भएको असमान वितरण नै नेपालको भूमि व्यवस्थाको मूल समस्या हो । यो समस्याको समाधान गर्न भूमिको न्यायोचित पुनर्वितरण आवश्यक छ । यसका लागि देशको आर्थिक, सामाजिक एवं राजनीतिक संरचनामा महत्वपूर्ण परिवर्तन आवश्यक पर्छ । नेपालमा भूमिको असमान वितरणका अतिरिक्त कतिपय यस्ता समस्या छन्, जसको समाधान राज्यको अर्थ राजनीतिक संरचनामा आमूल परिवर्तनविना नै अर्थात् विद्यमान ऐन कानूनमा आवश्यक परिमार्जन र ती कानूनको प्रभावकारी कार्यान्वयन गरेर गर्न सकिन्छ । गाउँब्लक र उखडा जग्गासँग जोडिएका समस्या पनि विद्यमान ऐन कानूनको प्रभावकारी कार्यान्वयनसँग जोडिएका सवाल हुन्

नेपालको भूमि व्यवस्थाको एउटा सवाल गाउँब्लक जग्गाको नापी हो । नापीको समयमा स-साना टुक्रा भएको बस्तीको जग्गालाई पछि नाप्ने भनी एउटै ब्लकभित्र छेडेको वा एउटै कित्तामा नापिएको जग्गालाई गाउँब्लक भनिन्छ । यसरी बाक्लो बस्ती भएका थुप्रै गाउँ गाउँब्लकमा नापिएका कारण त्यहाँ बसोबास गर्ने गरीब तथा विपन्न वर्गका मानिसमा विभिन्नखालका आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक एवं न्यायिक असर परेको पाइन्छ । गाउँब्लक जग्गालाई सम्बन्धित व्यक्तिको नाममा दर्ता गर्नका लागि नेपाल सरकार भूमिसुधार मन्त्रालयले जग्गा (नाप जाँच) ऐन तथा मालपोत ऐनमा व्यवस्था गरिएको अधिकार प्रयोग गरी विभिन्न मितिमा राजपत्रमा सूचना प्रकाशित गरी सम्बन्धित निकायलाई आदेश गर्ने तथा नापी प्रक्रियालाई सहज बनाउनका लागि समितिहरु समेत गठन गरेको पाइन्छ तर पनि सरकारका यी प्रयास सफल हुन सकेका छैनन् ।





भूमि व्यवस्थाको अर्को समस्या उखडा हो । उखडा जग्गाको एक किसिम हो । उखडासम्बन्धी ऐन २०२१ ले उखडा जग्गा जोताहा किसानको नाममा दर्ता गर्ने कानूनी व्यवस्था गरे तापनि हालसम्म कपिलवस्तु, नवलपरासी र रुपन्देही जिल्लामा रहेको उखडा समस्या समाधान हुन सकेको छैन । यो समस्या समाधान गर्ने उद्देश्यले २०२१ सालमा विशेष अदालतसमेत गठन गरिएको थियो । त्यसपछि २०६० सालमा पनि सरकारले मन्त्रिपरिषद्को निर्णयले उखडा जग्गासँग सम्बन्धित समस्या समाधान गर्न र उखडा जग्गा जोताहा किसानको नाममा दर्ता गर्न एउटा समितिसमेत गठन गरी समितिले कामसमेत सुरु गरेको थियो । दुई महिनाको मात्र कार्यकाल तोकिएको समितिले पनि सम्पूर्ण उखडा जग्गा जोताहा किसानको नाममा दर्ता गरी उखडासम्बन्धी समस्याको समाधान गर्न नसक्दा अझै पनि कपिलवस्तु, नवलपसरासी र रुपन्देहीका करिव ५ हजार किसान परिवार उखडासम्बन्धी ऐन २०२१ ले प्रत्याभूत गरेको भूमि अधिकारबाट वञ्चित छन् ।

विद्यमान ऐन कानूनले गाउँब्लक र उखडा जग्गासँग जोडिएका समस्या समाधान गर्न स्पष्ट दिशा निर्देश गर्दासमेत अझसम्म पनि यी समस्या समाधान हुन नसक्नुमा सरकारी संयन्त्रमा रहेको उदासिनता र गैरजिम्मेवारपन प्रमुख रहेका छन् । सरकारी संयन्त्र मुख्यरुपमा दोषी भए तापनि अधिकारबाट वञ्चित किसान परिवारमा आफ्नो अधिकारबारे सचेतना अभाव र विभिन्न कारणले किसानहरु सङ्गठित हुन नसक्नु र उनीहरुबीच नै फुट एवं विवाद देखिनु आदि कारणले किसानको तर्फबाट सङ्गठित दबाव सिर्जना गर्न नसक्नु पनि समस्या समाधान हुन नसक्नुको कारण मान्न सकिन्छ । त्यसैगरी भूमिअधिकार खासगरी उखडा र गाउँ ब्लक सवालमा काम गर्ने गैरसरकारी संस्थाहरुमा आवश्यक समन्वय र सहकार्यको कमीका कारण पनि अधिकारबाट वञ्चित किसानलाई सङ्गठित गरी जनपरिचालनको माध्यमबाट सरकारी निकायमा निर्णायक दबाव सिर्जना गर्न सकेको देखिँदैन । यसमा उनीहरुमा जनकेन्द्रित वकालत र अभियानको दृष्टिबाट भन्दा पनि सवाललाई परियोजनामुखी दृष्टिबाट हेर्ने प्रवृति पनि जिम्मेवार छ ।[३६] अतः उखडा र गाउँब्लक जग्गासँग जोडिएका समस्या समाधान गर्न निम्नलिखित कुरामा ध्यान पुऱ्याउन आवश्यक छ :

[३६] हाल केही संस्थाहरुले उखडा र गाउँबल्क सवालमा जनकेन्द्रित वकालत र अभियानमुखी पद्धतीबाट काम अगाडी बडाएका छन् ।

**गाउँब्लक सम्बन्धमा :**

(क) गाउँब्लक जग्गाको नाप जाँच गरी दर्ता गरी समस्या समाधान गर्नका लागि नेपाल सरकार भूमिसुधार मन्त्रालयको २०६३ कार्तिक १३ गतेको सूचनालाई प्रभावकारीरुपमा कार्यान्वयन गरी तुरुन्त आवश्यक रकम, प्रविधि र आवश्यक थप प्रशासनिक संयन्त्रसमेत व्यवस्था गरिनुपर्दछ ।

(ख) सरकारले गाउँब्लक जग्गाको नाप जाँचसम्बन्धी काम सम्पन्न गर्नका लागि निश्चित समयावधि तोक्न आवश्यक छ । आवश्यक पूर्वाधारसहित जिम्मेवारी दिँदासमेत तोकेको समयमा समस्या समाधान हुन नसकेकोमा सरकारले सम्बन्धित निकायका अधिकारीलाई यसका लागि व्यक्तिगतरुपमा उत्तरदायी बनाउने व्यवस्था गरिनुपर्दछ ।

(ग) गाउँब्लकभित्रको जग्गा नाप जाँच गर्दा विवाद देखिएमा गाउँ सर्जमिनका आधारमा नाप जाँच गरी दर्ता गरिनुपर्दछ ।

(घ) गाउँब्लक जग्गा नाप जाँच गर्ने टोली तोकी गाउँमा जाँदा यस कुराको सूचना सम्बन्धित सबैमा अनिवार्यरुपमा पुऱ्याउने दायित्वसमेत उक्त टोली वा अन्य कुनै निकायलाई तोकिनुपर्दछ । अन्यथा सूचनाको अभावका कारण गरीब तथा विपन्न वर्गका जग्गा अरु कुनै जमिनदारको नाममा नापी हुने सम्भावना हुन सक्छ ।

(ङ) लैङ्गिक समानता कायम गर्न गाउँब्लक जग्गा नापी गर्दा पति पत्नी दुवैको संयुक्त नाममा दर्ता गरिनुपर्दछ ।

(च) गाउँब्लक नापी गर्ने कार्यलाई प्रशासनिक जिम्मेवारीमा मात्र सीमित नगरी स्थानीय तहमा प्रभावकारीरुपमा सम्पन्न गर्न एउटा कार्यदल गठन गरिनुपर्दछ, जसमा सरकारी प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, किसान प्रतिनिधि र गाउँब्लक सवालमा काम गर्ने सङ्घ संस्थाका प्रतिनिधि रहने व्यवस्था गर्नुपर्दछ । यस कार्यदलले गाउँब्लक नापीलाई एउटा अभियानका रुपमा सम्पन्न गर्न मद्दत गर्दछ ।

(छ) गाउँब्लक जग्गाको सवालमा काम गर्ने सङ्घ संस्थाबीच आवश्यक सहकार्य र समन्वय वृद्धि गर्न जरुरी छ ताकि उनीहरु किसानलाई सचेत एवं सङ्गठित गर्न र सरकारी निकायलाई समस्या समाधानका लागि दबाव सिर्जना गर्न सफल होउन् ।





**उखडा सम्बन्धमा :**

(क) उखडा जग्गा जोताहा किसानको नाममा दर्ता गर्नका लागि नेपाल सरकारले तुरुन्तै एउटा विशेष उखडा आयोग गठन गर्नुपर्दछ । यस समितिलाई यो समस्या समाधान गर्न आवश्यक सम्पूर्ण अधिकार र गरीब किसानमा यसबारे अनिवार्यरुपमा सूचना पुऱ्याउने दायित्वसमेत तोकिदिनुपर्दछ ताकि सूचनाको अभावका कारण गरीब तथा विपन्न किसान अधिकार लिनबाट वञ्चित नहोउन् ।

(ख) सरकारले समिति गठन गर्दा समितिलाई तोकेको काम सम्पन्न गर्नका लागि आवश्यक आर्थिक स्रोत प्राविधिक टोली, प्रविधि र सहयोगी प्रशासनिक संयन्त्रको समेत व्यवस्था गरिनुपर्दछ, ताकि आवश्यक साधन स्रोतको अभावका कारण समितिले काम गर्न नसक्ने अवस्था नआओस् ।

(ग) उखडासम्बन्धी ऐन, २०२१ मा आवश्यक संसोधन गरी गरीब किसानले जमिनदारलाई तिर्नुपर्ने क्षतिपूर्तिको रकम मिनाहा गरिनुपर्दछ ।

(घ) सहजरुपमा अङ्गिकृत नागरिकको नाममा समेत उखडा जमिन दर्ता गरिनुपर्दछ ।

(ङ) प्रमाण नष्ट भएको वा अन्य विभिन्न कारणले वास्तविक जोताहा किसानले कबुलियतनामा, तिरो तिरेको रसिद आदि प्रमाण पेश गर्न नसकेको अवस्थामा गाउँ सर्जमिनका आधारमा उखडा जग्गा वास्तविक जोताहा किसानको नाममा दर्ता गर्ने व्यवस्था गरिनुपर्दछ ।

(च) उखडा जग्गा वास्तविक जोताहा किसानको नाममा दर्ता गर्ने कार्यलाई प्रभावकारीरुपमा सम्पन्न गर्नका लागि गठित समितिलाई सहयोग गर्न र यसलाई एउटा अभियानका रुपमा सम्पन्न गर्नस्थानीय स्तरमा सरकारी प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, उखडा जग्गा जोतभोग गर्ने गरीब किसानका प्रतिनिधि र उखडा जग्गासम्बन्धी काम गर्ने सङ्घ संस्थाका प्रतिनिधि सम्मिलित एउटा कार्यदल गठन गरिनुपर्दछ । यस कार्यदलले सम्बन्धित जिल्लामा एउटा जागरण

अभियान सञ्चालन गरोस् ताकि अन्य कुनै पनि किसान आफ्नो अधिकार लिनबाट नछुटोस् र वञ्चित नहोस् ।

(छ) लैङ्गिक समता कायम गर्न उखडा जग्गा जोताहा किसानको नाममा दर्ता गर्दा पति पत्नी दुवैको संयुक्त नाममा दर्ता गर्ने व्यवस्था गरिनुपर्दछ ।

(ज) उखडा सवालमा काम गर्ने सङ्घ संस्थाले यस अभियानलाई निर्णायकरुपमा सम्पन्न गर्न आपसमा समन्वय र सहकार्य बढाउनुपर्दछ ।





## कपिलवस्तु

मिति : २०६५/२/३० गते

**विषयः- ज्ञापनपत्र ।**

माननीय मन्त्रीज्यू,
भूमिसुधार तथा व्यवस्था मन्त्रालय,
नेपाल सरकार

देशमा लोकतान्त्रिक आन्दोलनमा कृषक एवं मजदूरहरुको भूमिका अहम् रहेको कुरा स्मरण गराउन चाहन्छौं । नेपाली नागरिक भएको कारणले प्राप्त गर्नुपर्ने अधिकतम् अधिकारमा सुनिश्चितता नभएकै कारणले भोग्नुपरेका समस्याहरुको पीडाबाट छुटकारा दिलाउन तत्कालीन सरकारले कुनै वास्ता नगरेको हुनाले लोकतान्त्रिक आन्दोलनमा हामी पीडित कृषक एवं मजदूरहरु सशक्तरुपमा लागिपरेका थियौं तर दुर्भाग्यको कुरा जतिपटक आन्दोलन गरे पनि आन्दोलनको समयमा भूमिपीडितहरुको पक्षमा कुरा गर्ने तर आन्दोलनपश्चात् सरकारको ध्यान भूमिपीडित कृषकहरुतर्फ लक्षित हुन सकेको छैन । मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरे पनि हामी आफ्नै देशमा देश खोज्नुपर्ने अवस्थामा छौं । हामीहरुमध्ये कसैको बस्ने बास छैन, कसैको गाँसको ठेगान छैन । घरखेत भएको जग्गा दर्ता भएको छैन । उखडापीडित किसानलाई न्याय दिलाउनका लागि वा जग्गा दिन पटक पटक आयोग बने तर हालसम्म त्यसको प्रभावकारी कार्यान्वयनको अभावमा पीडित किसानले आफूले जोतभोग गर्दै र तिरो तिर्दै आएको जग्गामा स्वामित्व वा लालपूर्जा प्राप्त गर्न सकेका छैनौं । त्यसैले हामी भूमिहीन किसान सङ्गठित हुँदै अगाडि बढिरहेका छौं । हामी हाम्रो बास र जोतिरहेको जग्गामा हक खोजिरहेका छौं, न्याय खोजिरहेका छौं ।

कपिलवस्तु, रुपन्देही र नवलपरासी जिल्लामा उखडा जग्गा कमाउनेहरुको सङ्ख्या करिब ५ हजार परिवार छ । यस्ता जग्गाको स्वामित्वका लागि रुपन्देहीमा २१ सय परिवार, कपिलवस्तुमा ३ सय परिवार र नवलपरासीमा

१५० परिवारले निवेदन दिए पनि अहिलेसम्म यी निवेदनमाथि कुनै कार्यान्वयन भएको छैन ।

यस्तो जमिन कमाउन लिएवापत जमिनको स्वामित्वको पूर्ण उपयोगबाट वञ्चित हुनुपरिरहेको छ । जमिनदारकहाँ गएर निशुल्क काम गरिदिनुपर्ने, उनीहरुले भनेका बेला जे पनि मान्नुपर्ने, आफ्नो खेती बिताएर भए पनि जमिनदारको पहिले गरिदिनुपर्ने जस्ता विविध कार्य गर्न जोताहा किसान बाध्य छन् । नत्र जमिन कमाउन नदिने उनीहरुको धम्कीले निमुखा किसानहरुले चूपचाप यस्तो अमानवीय कार्य सहनुपरिरहेको छ ।

उखडा जमिनसम्बन्धी विवाद हटाउन २०२१ सालमै सरकारबाट उखडासम्बन्धी ऐन पनि ल्याइयो । यो ऐनको दफा ३ मा ***किसानले जग्गाधनीलाई पोत बुझाउने गरी कमाइरहेको उखडा जग्गामा जमिनदारको हक समाप्त भई किसानकै नाममा दर्ता हुने व्यवस्था छ*** तर दुर्भाग्य ऐन बनेको ४४ वर्ष नाघे पनि अझै करिब ५ हजार परिवार भने उखडा जमिन समस्या नसुल्झिएकै कारण आजसम्म त्रसित छन् । जमिनदारले कुन बेला जग्गा हडप्ने हो र भोकै बस्नुपर्ने हो भन्ने चिन्ताले उनीहरुलाई निकै सताएको छ । यस क्रममा उखडा ऐन २०२१ मा व्यवस्था भएअनुसार प्रभावकारी कार्यान्वयनका लागि जिल्लाबाट सङ्गठितरुपले हक प्राप्तिका अभियान बढाइरहेका छौं ।

जग्गाधनीको निस्सा नहुँदा नागरिकता लिन अप्ठ्यारो छ । वित्तीय सेवा पाउन पनि सकिँदैन । विकास निर्माण, जस्तो- धारा, बाटो, विद्यालय पनि हाम्रा बालबालिकाहरुका लागि टाढाको कुरा हो । गास जुटाउने समस्याकै कारण हाम्रा बालबालिकाहरु शिक्षाबाट वञ्चित हुनुपरिरहेको छ । आफ्नो बासको ठेगान पनि नहुने, जोतिरहेको जमिन पनि खोस्ने जस्ता अन्याय हामी भोगिरहेका छौं । यस्तो अवस्थाबाट हामीलाई पार लगाउन सरकारले केही सोच बनाउनेछ भन्ने आशमा हामी रहेका छौं ।

**तसर्थ**

१. सरकारद्वारा यो समस्या समाधानका लागि तुरुन्त अधिकार सम्पन्न समिति गठन गरी सक्रिय बनाउनुपर्छ । यो समस्यासम्बन्धी जोताहाको पक्षमा निर्णय दिन यो समितिलाई पूर्ण अधिकार प्रदान गरिनुपर्छ । यसका लागि पुराना निवेदन, प्रमाण आदिलाई बाधक बनाइनुहुँदैन ।



गाउँब्लक र उखडासम्बन्धी नीति तथा कानूनहरूको समीक्षा

२. २०६० मा भएको मन्त्रीस्तरीय निर्णयअनुसार ८ महिनाको म्याद दिइएकोमा सो म्याद समाप्त भई समितिले गर्न नसकेका कामहरुलाई तत्काल अर्को समिति गठन गरी समस्या समाधान नहुन्जेलसम्म समय बढाउँदै लैजान मिल्ने व्यवस्था गरियोस् ।

३. पीडित किसानले तिर्न नसकेको क्षतिपूर्तिलाई पूर्णरुपमा माफ गर्ने व्यवस्था गरियोस् ।

४. नेपाल सरकारले ल्याएको नीतिबारे पीडित किसानलाई सूचना प्रदान गर्ने सम्बन्धमा प्रभावकारी माध्यम अपनाई सूचना प्रदान गर्ने व्यवस्था मिलाइयोस् । अब निर्माण गर्ने समितिमा पीडितहरुबाट समेत प्रतिनिधित्व रहने व्यवस्था गरियोस् ।

५. समस्या समाधानका लागि स्थानीय गै.स.स.लाई परिचालन वा आवश्यक सहकार्य गर्नेतर्फ नीतिगत व्यवस्था गरियोस् ।

६. प्रमाण नष्ट भएको वा विभिन्न कारणले आवश्यक प्रमाण जुटाउन नसकी निवेदन दिन नसकेका उखडापीडित किसानहरु पहिचान गरी सरोकारवाला निकायहरु मालपोत, भूमिसुधार, जिल्ला प्रशासन कार्यालय र नापी शाखालाई आवश्यक प्रमाण जुटाउन वा आवश्यकताअनुरुप सहयोग दिलाउन निर्देशनको व्यवस्था यथाशीघ्र मिलाइयोस् ।

आफू पुस्तौंदेखि जोत्दै आएको जग्गामा आफ्नो अधिकार प्राप्त गर्न लागिपरेका कृषक एवं श्रमिकहरुलाई ढिलासुस्ती गरी काममा बेवास्ता गर्ने प्रयत्न गरिएमा हामी चरणबद्ध आन्दोलनमा उत्रन बाध्य हुनेछौं । हरेक समस्याको समाधान आन्दोलन र विरोधपश्चात् मात्र गरिने परिपाटीलाई यस मन्त्रालयले अवलम्बन गर्ने छैन भन्ने हाम्रो विश्वास रहेको छ । तसर्थ हाम्रा जायज मागहरुप्रति यस मन्त्रालयको ध्यान जाओस् भन्दै यो ज्ञापनपत्र पेश गरेका छौं ।

**उखडापीडित क्षेत्रीय दबाव समिति, कपिलवस्तु**

## सन्दर्भ सामग्री


१ नेपाल अधिकारज्यको संविधान, २०४७

२ नेपालको अन्तरिम संविधान, २०६३

३ जग्गा (नाप जाँच) नियमावली, २०५८

४ भूमिसम्बन्धी ऐन, २०२१

५ मालपोत ऐन, २०३४

६ मालपोत नियमावली, २०३६

७ उखडासम्बन्धी नियमहरु, २०२१ खण्ड ५४, सङ्ख्या ३२

८ नेपाल सरकार, नेपाल राजपत्र, २०६१ मङ्सिर १४

९ नेपाल सरकार । नेपाल राजपत्र, खण्ड ५३, अतिरिक्ताङ्क २८ (क+२), २०६० भदौ २२

१० नेपाल सरकार, नेपाल राजपत्र, खण्ड ५६, सङ्ख्या २६, २०६३ कार्तिक १३

११ सुभाकान्त भुसाल, उखडा जग्गा समस्या एक चिनारी, कपिलवस्तु संस्थागत समिति, तौलिहवा, कपिलवस्तु, २०६३

१२ डा. बाबुराम भट्टराई, अर्थराजनीतिको आँखिझ्यालबाट, झिल्को प्रकाशन काठमाण्डौ, २०६३

१३ चैतन्य मिश्र, पूँजीवाद र नेपाल, मूल्याङ्कन प्रकाशन गृह प्रा.लि. काठमाण्डौ, २०६२

१४ नेपाल सरकार, नापी विभाग, योजना तथा अनुगमन विभाग, कित्तानापी महाशाखा, मीनभवन काठमाण्डौलाई राष्ट्रिय गाउँब्लक भूमि अधिकार सङ्गठन नेपाललाई बोधार्थ दिई मिति २०६३ भदौ ५ मा गरेको पत्राचार ।

१५ उखडापीडित क्षेत्रीय दबाव समिति, कपिलवस्तुले २०६५ जेठ ३० गते भूमिसुधार तथा व्यवस्था मन्त्रीसमक्ष पेश गरेको ज्ञापनपत्र ।

१६ उखडापीडित किसान समूह कपिलवस्तु र रुपन्देहीले २०६१ भदौ ३१ गते, भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमक्ष पेश गरेको ज्ञापनपत्र ।

१७ उखडापीडित किसान समूह, कपिलवस्तु र रुपन्देहीले मिति २०६१ भदौ ३१ गते जारी गरेको प्रेस विज्ञप्ती ।

१८ कपिलवस्तु संस्थागत विकास समिति, कपिलवस्तु जिल्लामा गाउँब्लकको अवस्था (अप्रकाशित)